**राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणा पत्र**
**संविधानसभाको निर्वाचन २०७०**
**प्रस्तावना** ः
विश्व इतिहासमा विरलै दोहोरिने घटना नेपालमा दोहोरिएको छ । नेपालमा दोश्रो पटक संविधान सभाको निर्वाचन हुादैछ । यो निर्वाचन सामान्य अवस्थामा हुन लागेको छैन, परिस्थिति र अवस्था असामान्य तथा असाधारण छ । नयाा संविधान निर्माणका लागि गठन हुने संविधानसभाको निर्वाचनमा मुलुकका सम्पूर्ण दलहरुको सहमति र सहभागिता रहनु पर्नेमा संविधानसभाकै लागि एक दशक लामो सशस्त्र संघर्ष गरेको शक्तिको एक हिस्सा -अवयव) चुनाव वहिष्कारको अवस्थामा छ । संविधान सभा गठन प्रकरणमा यस्तो उदाहरण विरलै मात्र पाइन्छ । यसरी सहभागिता र बहिष्कारको चेपुवामा हुन लागेको यस निर्वाचन प्रति विश्व समुदायकै ध्यान केन्दि्रत भएको छ ।
नयाा संविधान निर्माणको लागि दुई वर्षको जनादेश पाएको संविधानसभालाई चार वर्षसम्म तन्काउादा पनि संविधान बनाउन नसकी उपलब्धी हिन र औचित्यहिन भएर विघटन भयो । समयको हिसावले चार वर्ष खेर गयो । आर्थिक हिसावले अरवौं अरव रकम अपव्यय भयो । राजनीतिक हिसावले संक्रमणकाल लम्बिएर नेपाली जनताले अनिश्चितता, अन्योल र त्राशदीको शिकार भई मानसिक, आर्थिक र सामाजिक यन्त्रणा व्यहोर्नु पर्‍यो । राष्ट्रिय विकास क्रमको गति दशकौं पछि धकेलियो । राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा नेपालका राजनीतिक दल-खास गरी विघटित संविधानसभामा निणर्ायक स्थान र भूमिका हासिल गरेका एमाओवादी, नेपाली काागे्रस, नेकपा एमाले र संयुक्त मधेशी मोर्चा राष्ट्रिय राजनीतिको बागडोर लिन हरेक क्षेत्रमा असफल, अयोग्य र अनुत्तरदायी देखिए ।
पहिलो संविधानसभालाई उपलब्धीहिन र औचित्यहिन तुल्याउनु नै घोर विडम्वना थियो । अहिले अर्को विडम्बना थपिएको छ । पहिलो संविधानसभालाई निरर्थक र निष्प्रयोजित तुल्याएका हर क्षेत्रमा असफल र अनुत्तरदायी ठहरिएका शक्तिहरुको पहलमा संविधान सभाको दोश्रो निर्वाचन हुन गैरहेको छ । असफल, अयोग्य र अनुत्तरदायी प्रमाणित उल्लिखित चार शक्ति नयाा खास्टो ओढेर संप्रभु नेपाली मतदाता सामू निर्लज्ज रुपमा प्रस्तुत भएका छन् । आगामी संविधानसभामा पनि पहिलो संविधानसभामा वर्चश्व कायम गरेका दल नै हावी भएमा फेरि पनि नयाा संविधान नबन्ने खतरा यथावत विद्यमान रहने छ । अतः सचेत नेपाली मतदाताले विगत देखि वर्तमानसम्मको यथार्थ मूल्याङ्कन गरेर आ˜नो अमूल्य मतको प्रयोग गर्नु पर्ने अवस्था छ । आम नेपाली मतदातालाई नेपाल र नेपालीको भावना र चाहना अनुरुपको नयाा संविधान दिन सक्ने, मुलुकमा दिगो शान्ति, राजनीतिक स्थिरता र समग्र पक्षमा सुशासन दिन सक्ने र राष्ट्रिय स्वाभिमान तथा एकता कायम गर्न सक्ने शक्तिलाई यस निर्वाचनबाट प्रादुर्भाव गराउने एउटा अर्को अवसर आएको छ ।
लोकतन्त्रको सुन्दर पक्ष भनेको पर्याप्त विकल्प मौजुद रहेको अवस्था हो । नेपाली जनता सामु पर्याप्त विकल्प अर्थात राजनीतिक दलहरु छन् । ती मध्ये उपयुक्त विकल्प छान्ने सुनौलो अवसर आएको छ । अव पनि उपयुक्त विकल्प छान्न वा रोज्न सकिएन भने नेपाललाई असफल राष्ट्र बन्नबाट कसैले जोगाउन सक्तैन । नेपाल र नेपालीले अफगानिस्तान, इराक र सुडानको नियति भोग्न पर्ने हुन सक्तछ ।

समय, परिस्थिति र घटनाक्रमले समकालीन नेपाली राजनीतिमा राष्ट्रिय प्रजातन्त्र पार्टी -राप्रपा) एक मात्र उपयुक्त विकल्प रहेको पुष्टि गरेका छन् । राप्रपाले गरेका राजनीतिक विश्लेषण, भविष्यवाणी र अनुमान समयको कसीमा खरो उत्रिएका छन् । यो दलले मात्र नेपालीलाई एकतावद्ध, राष्ट्रलाई अखण्ड, स्वाभिमानी तथा संप्रभुता सम्पन्न कायम राख्ने र राजनीतिक स्थायित्व कायम गरेर आर्थिक रुपमा समृद्ध तुल्याउन सक्ने विश्वास आममतदातामा बढेको छ । नेपाली जनताले प्रायः सबै विकल्पलाई चाखे, समय र व्यवहारको कसीमा राखेर हेरे । समय, परिस्थिति र व्यवहारको कसीमा एमाओवादी, नेपाली, काांग्रेस, एमाले र मधेश केन्द्रित दलहरु असफल र असान्दर्भिक प्रमाणित भए । प्रमुख दलहरुको असफलता र अकर्मव्यताले उत्पन्न गरेको घोर निराशाको अन्धकारमा राप्रपा आशा र विकल्पको झिल्कोको रुपमा उपस्थित छ । राप्रपा नेपाली तन, मन र विचारको उपज हो । नेपाललाई विभिन्न प्रकारका राजनीतिक परिक्षणको प्रयोगशालामा राखेर परिक्षण गर्ने काम भयो । तर नेपाल र नेपालीको हकमा ती प्रयोग र परिक्षण सफल ठहरिएनन् । शदियौं देखि नेपालीपन र पहिचान, नेपाली विचार संस्कार र संस्कृतिमा रमाएका नेपाली जनता सधै परीक्षणका बस्तु बन्न तयार छैनन् । नेपाली तन, मन र विचार बोकेको राजनीतिक शक्तिलाई माध्यम बनाएर राष्ट्रिय स्वाभिमान, एकता र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न सक्ने जिम्मेवार र उत्तरदायी राष्ट्रवादी लोकतान्त्रिक शक्तिलाई आफू बीच हुर्काउन उद्यत छन् । नेपाली जनताको गुम्दै गएको आत्मसम्मान खस्केको मनोवल वा आत्मविश्वासमा राष्ट्रिय जागरण र प्रतिष्ठाको नयाा प्राणवायु भरेर वीर नेपालीको स्थापित मौलिक परिचयलाई पुनर्जीवित तुल्याउन, संघीय लोकतान्त्रिक गणतन्त्रका आदर्श र सिद्धान्त अनुरुपको सुशासन, दिगो शान्ति र समृद्धि तथा सनातन सर्वधर्म सापेक्ष राष्ट्रको समभावयुक्त आदर्शमा आधारित नेपाली समाजको जगमा उभिएको देशका स्वावलम्बी र आत्मनिर्भर नागरिकको रुपमा नेपाली जनताको शिर विश्व समुदाय सामू उाचो राख्ने संकल्प र उद्देश्य लिई चुनाव चिन्ह “हलो” बोकेर राष्ट्रिय प्रजातन्त्र पार्टी, पार्टीको चुनावी घोषणा पत्र -प्रतिवद्धता) सहित संविधानसभाको दोश्रो निर्वाचनमा तपाईको अमूल्य मत माग्न आएको छ ।
मंसिर ४ गतेको निर्वाचनले संविधानसभा व्यवस्थापिका संसद गठन गर्ने हुादा रा.प्र.पा.ले पार्टी घोषणा पत्रमा संविधान सभा र सरकार संचालनका लागि अलग-अलग नीति र कार्यक्रम प्रस्तुत गरेको छ ।

भाग-१
संविधानसभासंग सम्बन्धित नीति तथा दृष्टिकोण ः नयाँ संविधानका प्रस्तावित अन्त्तवस्तु

१. राजनीतिक प्रणाली ः राष्ट्रिय प्रजातन्त्र पार्टीले संघीय लोकतान्त्रिक बहुलवादी गणतन्त्रलाई राजनीतिक प्रणालीको रुपमा आत्मसात् गरेको छ । पार्टी यही प्रणालीद्वारा निर्देशित रहेको छ, प्रतिवद्ध छ । नयाा संविधानमा “संघीय लोकतान्त्रिक बहुलवादी गणतन्त्र” नेपालको राजनीतिक प्रणाली रहनु पर्ने प्रस्ताव गर्दछ ।

२. शासकीय स्वरुप -ढांचा) ः
राष्ट्रिय प्रजातन्त्र पार्टी संवैधानिक राष्ट्रपति र संसदबाट निर्वाचित तथा संसद प्रति जवाफदेही कार्यकारिणी अधिकारयुक्त प्रधानमन्त्री रहने केन्द्रमा द्विसदनात्मक व्यवस्थापिका भएको शासकीय स्वरुपको पक्षमा छ । शासकीय स्वरुप -ढाांचा) बारे प्रमुख दलहरु बीच मत भिन्नता छ जसको परिणाम स्वरुप संविधानका अन्त्तवस्तु मध्येको एक यस मुख्य विषयमा सहमति कायम हुन नसक्ता विघटित संविधानसभा नयाा संविधान निर्माण
गर्न असफल रहयो । राजनीतिक प्रणाली -गणतन्त्र) बारे दलहरु बीच सहमति भए पनि शासकीय स्वरुप बारे

अझै सहमति कायम हुन सकेको छैन । रा.प्र.पा.ले केन्द्रीय सरकार, प्रादेशीक सरकार, स्थानीय सरकार गरी शासकीय स्वरुपमा तीन तहका सरकारको प्रस्ताव गरेको छ ।
रा.प्र.पा. जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्तालाई अविच्छिन्न अकुण्ठित राख्ने नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी संसदीय प्रणालीमा आधारित प्रतिष्पर्धात्मक, बहुलवादी संघीय गणतन्त्रात्मक लोकतान्त्रिक शासन व्यवस्था, वालिंग मताधिकार, आवधिक निर्वाचन, मिश्रित निर्वाचन प्रणाली, पूर्ण प्रेस स्वतन्त्रता र स्वतन्त्र न्यायपालिका लगायतलाई शासकीय स्वरुपका आधार ठान्दछ र नयाा संविधानमा यी विषयलाई शासन प्रणालीका अपरिहार्य आधार किटान गर्न प्रस्ताव गर्दछ ।

३. राज्यको पुनसंर्रचना ः

राष्ट्रिय प्रजातन्त्र पार्टीले संघीयताको सिद्धान्त अनुरुप राज्यको पुनर्सरचनालाई अंगीकार गरेको छ र पार्टीले सामथ्र्य, पहिचान, भूगोल र ऐतिहासिक पृष्ठभूमिलाई संघीय संरचनाको आधार मानेको छ । उल्लिखित चारवटा आधारमा मुलुकमा सातवटा संघीय राज्य -तराई/मधेशमा दुईवटा र पहाड-हिमालमा पाचवटा प्रदेश) बनाउने प्रस्ताव गरेको
छ । प्रदेशको नाम, सिमाना र अन्य संरचनाको ठेगाना सर्वदलीय सहमतिबाट गर्नुपर्छ भन्ने पार्टीको धारणा छ । गाउास्तरका जनता र गाउा सरकारलाई सामथ्र्य र पहिचानको आधारमा बढी से बढी अधिकार सम्पन्न तुल्याउने विधि र माध्यमको रुपमा राप्रपाले संघीयतालाई समर्थन गरेको छ । राप्रपा एकल जातीय वा जातीयताको आधारमा कुनै एक जातिलाई विशेष राजनीतिक अधिकार दिने संघीयताको पक्षमा छैन । राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्तालाई सवल तथा सुदृढ तुल्याउने राज्य पुनर्संरचनाको पक्षमा छ ।
राज्यको पुनसंरचनाबारे दलै पिच्छे फरक धारणा छन् । दलहरुको फरक धारणाको कारण राज्यको पुनसंरचनामा सहमति कायम हुन नसक्ता विघटित संविधानसभामा संविधान निर्माण कार्यमा व्यवधान उत्पन्न भयो ।
राष्ट्रिय राजनीतिमा सक्रिय रहेको दलहरु बीच संघीयताबारे सघन एवं गम्भीर छलफल चलाएर सहमति कायम गर्न आवश्यक भएको राप्रपाको धारणा छ ।

४. स्वतन्त्र न्यायपालिका ः

राष्ट्रिय प्रजातन्त्र पार्टी स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई आत्मसात गर्दछ । न्यायिक सर्वोच्चता र कानूनी राज्यको अवधारणामा आधारित विधिको शासन र शक्ति पृथकीकरणको सिद्धान्तमा विश्वास गर्दछ । विघटित संविधानसभामा केही दलबाट न्यायपालिकालाई संसदको मातहतमा राख्ने प्रस्ताव आउादा राप्रपा सो प्रस्तावको विपक्षमा उभियो । स्वतन्त्र न्यायपालिकालाई राप्रपा राज्यका अंगहरु बीच सन्तुलन र नियन्त्रणको कडी -आधार) मान्दछ । यस सिद्धान्त र आदर्शको उच्च सम्मान एवं कदर गरेर राप्रपाले वर्तमान चुनावी मन्त्री परिषदका अध्यक्षलाई प्रधानन्यायाधीस पदबाट राजिनामा गर्न प्रस्ताव गरेको हो ।
अदालत -न्यायपालिका) लाई राजनीतिक रुपमा निरपेक्ष राख्नु पर्छ र राष्ट्रपति देखि राज्यका सम्पूर्ण संवैधानिक अंग, निकाय, दलहरु तथा प्रत्येक नागरिकले अदालतका आदेशको पालना एवं सम्मान दर्शाउनु पर्छ भन्ने राप्रपाको स्पष्ट मान्यता हो । सरकार, कतिपय संवैधानिक अंग र केही दलबाट अदालतका कतिपय आदेश तथा निर्णयको अवज्ञा हुादै आएको छ । अदालतबाट दोषी ठहर भई कारवाही आदेश पाएका व्यक्तिहरु राजनीतिक आवरणमा खुला गतिविधिमा संलग्न रहेकाले कानूनी राज्य र विधिको शासनको धज्जी उडेको अवस्था छ । साथै कतिपय न्यायिक नियुक्ति समेत दलिय भागवण्डाका आधारमा हुन थालेकाले न्यायिक

स्वतन्त्रता -स्वतन्त्र न्याय पालिका) को आदर्शमा प्रतिकूल असर पर्ने राप्रपाको चिन्तता छ । नयाँ संविधानमा स्वतन्त्र न्यायपालिका र कानूनी सर्बोच्चताको प्रावधानलाई प्राथमिकता पूर्वक समावेश गर्न राप्रपा प्रतिवद्ध छ ।

५. धर्म, भाषा र संस्कृति ः

नेपाल बहुजातिय, बहुभाषी, बहुधार्मिक र बहुल संस्कृति तथा भौगोलिक विविधता भएको राष्ट्र हो । सदियौं देखि उल्लिखित विविधता बीच एकता, समन्वय र सहिष्णुता कायम रहेको छ । नेपालको यो विशिष्ट सुन्दर पक्ष हो । यसै वास्तविकता र संवेदनशीलताको मर्मका आधारमा राप्रपाले नेपाललाई “सनातन सर्वधर्म सापेक्ष राष्ट्र” प्रस्ताव गरेको
छ । तर केही दशक यता विविधता बीचको यस अनुपम एकतालाई भाँड्ने र विथोल्ने प्रयास हुँदै आएका छन् । यस संवेदनशील विषयमा राप्रपा पृथ्वीनारायण शाहको सबै जात र वर्णको साझा फूलबारी भन्ने आदर्श उद्घोषणबाट अभिप्रेरित एवं निर्देशित छ । विविध फूलले भरिएको यस फूलवारी रुपी राष्ट्रका सबै फूललाई निर्वाध फुल्न र फक्रिन दिनु पर्छ भन्ने आदर्शलाई अंगालेको छ । धर्म, भाषा र संस्कृति छनौट गर्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो ।

धर्म र धार्मिक आस्था तथा भावना मानिसको अत्यन्त संवेदनशील विषय हुन र यिनै संवेदनशीलता नेपाली-नेपाली बीच समन्वय र एकताको कडी रहेको यथार्थलाई आत्मसात् गरेर रा.प्र.पा.ले कुनै एक जाति वा सम्प्रदाय विशेषले अंगीकार गरेको धर्मलाई मात्र “राष्ट्रिय धर्म”को मान्यता नदिई राष्ट्रमा प्रचलित सबै धर्मलाई “राष्ट्रिय धर्म” मानेको छ र सबै धर्मको संरक्षण र प्रवर्द्धन राज्यबाट गरिनु पर्ने प्रस्ताव गरेको छ । नागरिक प्रति राज्य उत्तरदायी र जवाफदेही हुनु पर्ने भएकाले नागरिकका भाषा, धर्म र संस्कृति प्रति पनि राज्य उत्तिकै उत्तरदायी हुनु पर्छ भन्ने मान्यताका आधारमा राप्रपाले “धर्म निरपेक्षता” लाई अस्वीकार गरेर “सनातन सर्वधर्म सापेक्ष राष्ट्र” को प्रस्ताव गरेको हो । धर्म सम्बन्धि विवाद कायमै रहेमा जनमत संग्रहबाट विवादको छिनो फानो हुनु पर्छ भन्ने पार्टीको धारणा छ । राज्य र नागरिक एक अर्काका परिपूरक तथा सापेक्ष हुने भएकाले नागरिकको जीवनका अभिन्न भावना, संस्कृति र संस्कारका रुपमा रहेका भाषा, धर्म र संस्कृति राज्य निरपेक्ष रहन सक्तैनन् भन्ने रा.प्र.पा.का मान्यता हो ।

नयाँ संविधानमा नेपाललाई “सनातन सर्वधर्म सापेक्ष राष्ट्र” उल्लेख गरेर राष्ट्रमा प्रचलित सबै धर्म, संस्कृति र परंपराको विकास तथा सुदृढिकरणमा राज्यले जिम्मेवारी बहन गर्नु पर्दछ भन्ने प्रावधान राख्न रा.प्र.पा. प्रस्ताव गर्दछ ।

६. विदेश नीति ः

नेपालको भू-बनौटले नै हाम्रो विदेश नीति निर्धारण गरेको छ । भू-राजनीतिबाट निर्देशित भई पंचशीलका सिद्धान्तमा आधारित असंलग्न परराष्ट्र नीति अवलम्बन गरिएको हो । नेपालले असंलग्नता र तटस्थतामा आधारित परराष्ट्र नीतिको विकल्प सोच्न सक्ने अवस्था छैन । एकतर्फ भारत र चीन जस्ता शक्तिशाली छिमेकी र अर्को तर्फ विज्ञान, प्रविधि र आर्थिक क्षेत्रमा भएको विश्वव्यापीकरणले गर्दा विश्व सम्बन्ध परिवेश नजिकिएको तथा कतिपय आर्थिक र राजनीतिक परनिर्भरताको कारण पछिल्ला दशकहरुमा विदेश नीतिमा उतार चढाव र एक हदसम्म असन्तुलन तथा विचलनका लक्षण देखिएका छन् । राप्रपाले यो स्थितिलाई गम्भीर रुपमा लिएको छ ।

परराष्ट्र नीतिलाई सन्तुलनमा राखेर यस नीतिको माध्यम नेपालमा आर्थिक र प्राविधिक फाइदा भित्र्याउन हामी आफै कारक हुनु पर्छ भन्ने राप्रपाको धारणा छ । यसो गर्नका लागि सर्व प्रथम देशमा क्रियाशील सबै दल बीच

बाह्य सम्बन्ध र व्यवहारबारे समान धारणा र दृष्टिकोण कायम हुन आवश्यक छ । दोश्रो नेपालको आन्तरिक अवस्था र सुरक्षाको स्थितिले दुई शक्ति राष्ट्र-भारत र चीनको सुरक्षालाई समेत प्रभावित तुल्याउन सक्ने हुादा यस सम्वेदनशीलतालाई समेत ध्यानमा राखेर परराष्ट्रनीतिको निर्धारण र संचालन गर्न आवश्यक छ । भारत र चीनले नेपाली भूमिबाट उनीहरुको सुरक्षामा आाच नआउने विश्वास गरेको अवस्था हुनु पर्छ भन्ने पार्टीको दृष्टिकोण छ । हाम्रो पार्टी एक चीन नीति प्रति प्रतिवद्ध छ र चीनको सुरक्षा प्रति जति सम्वेदनशील छ, अर्को छिमेकी भारतको सुरक्षा प्रति पनि त्यत्तिकै सम्वेदनशील छ । रा.प्र.पा. हाम्रा यी दुवै छिमेकीबाट पनि यस्तै धारणा र व्यवहारको अपेक्षा गर्दछ ।

परराष्ट्रनीतिमा विद्यमान असन्तुलन र विचलनको स्थितिलाई हटाउन नयाा संविधानमा प्रष्ट प्रावधान राख्न राप्रपा प्रस्ताव गर्दछ । नेपालको परराष्ट्रनीति संचालनमा दलीय स्वार्थले होइन राष्ट्रिय हित र स्वार्थले प्राथमिकता पाउनु पर्छ । खास गरी छिमेकी राष्ट्र भारत र चीनसंग आपसी हित, समानता र एक अर्काका आन्तरिक मामलामा अहस्तक्षेपकारी सिद्धान्तमा अंडेर दुवै छिमेकीको विश्वास र सम्मान लिन सक्नु पर्दछ भन्ने रा.प्र.पा.को स्पष्ट धारणा छ । बदलिंदो विश्व परिवेशलाई दृष्टिगत गरेर परराष्ट्र नीतिमा राप्रपाले आर्थिक कूटनीतिलाई बढी प्राथमिकता
दिन्छ । नयाा संविधानमा आर्थिक कूटनीतिलाई परराष्ट्रनीतिको मुख्य लक्ष किटान गर्न रा.प्र.पा. प्रस्ताव गर्दछ ।

हाम्रा दुवै महान छिमेकीहरु र कुटनीतिक सम्बन्ध कायम भएका सबै राष्ट्रहरुसंग आ˜नो राष्ट्रिय स्वार्थको जगमा अडेर आपसी हित, समानता, विश्वास र समझदारीको आधारमा परराष्ट्र नीति कायम गरिने छ र सबै मुलुकसंगको सम्बन्धलाई समयानुकूल सुमधुर गतिशील तुल्याई नेपालको विकासमा सद्भाव र सहयोग आर्जन गरिने छ ।

७. समावेशिकरण, आरक्षण र सशक्तिकरण ः सदियौं देखि राजनीतिक, आर्थिक, सामाजिक र साास्कृतिक रुपमा पछि परेका अर्थात बञ्चितिकरणमा पारिएका र गरिवीको दुश्चक्रमा रहेका हिमाल, पहाड, तराई/मधेशका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक जातिमा पनि सवभन्दा पछाडि परेका समूदाय र जात जाति विशेष तथा क्षेत्रीय दृष्टिकोणबाट सबभन्दा पछाडि परेका जिल्लालाई आरक्षणको आधारमा राजनीतिक र आर्थिक मूल प्रवाहमा समावेश गरी अरु विकसित र सम्पन्न जाति, समुदाय क्षेत्र र जिल्लाको दाजोमा पुर्‍याई सशक्त तुल्याउन रा.प्र.पा.ले जनपक्षीय उदारवादको सिद्धान्त अबलंबन गरेको छ ।

मुलुकमा युगान्तकारी परिवर्तनका बाबजुद पनि विगतमा जस्तै उल्लिखित जातजाति, समूदाय, क्षेत्र र जिल्लाको नाममा केही सीमित कुलीन र टाठा-बाठाले नै फाइदा लिंदै आएका छन् । जनपक्षीय उदारवादको माध्यमबाट आजसम्म बञ्चितिकरणमा परेका व्यक्ति, क्षेत्र र जिल्लालाई आरक्षण प्रदान गरेर समावेशीकृत तुल्याई गरीवी र पछौटेपनको दुश्चक्रबाट बाहिर निकालेर सम्पन्न शक्तिशाली र विकसित क्षेत्रको समकक्षी तुल्याउने पार्टीको नीति र कार्यक्रम रहेको छ । यसर्थ नयाा संविधानमा समावेशीकरण, आरक्षण र सशक्तिकरणलाई एक अर्काका पूरकको रुपमा स्पष्ट उल्लेख गर्न प्रस्ताव गर्दछ । यस क्रममा विभिन्न जातिय समुदायको मानव विकास सुचकाङ्कलाई आरक्षणको एक प्रमुख आधार बनाइनु पर्ने रा.प्र.पा.को धारणा छ ।

८. खाद्यान्न, शिक्षा, स्वास्थ्य र आवास ः राष्ट्रिय प्रजातन्त्र पार्टी खाद्यान्न, शिक्षा, स्वास्थ्य र आवासलाई मानिसका आधारभूत आवश्यकता र जीवनका प्रमुख आधार ठान्दछ । खाद्यान्न, शिक्षा, स्वास्थ्य र आवासको

प्राप्तिलाई नागरिकको मौलिक हक तथा अधिकार परिभाषित गरेर नयाा संविधानमा यो प्रावधान कायम गरिनु पर्दछ भन्ने प्रस्ताव गर्दछ ।

९. वातावरण ः विकसित मुलुकका उद्योगधन्दाबाट भएको कार्वन उत्सर्जन र आणविक भट्टीका तापले पृथ्वीको तापक्रम क्रमिक रुपमा बढ्दै गएको छ । नेपाल जस्ता अल्पविकसित र विकाशशील राष्ट्रले वातावरण प्रकरणमा नगरेको कशुर वापत सजाय पाइरेहको अवस्था छ । वन जंगलको विनाश, वायुमण्डलीप प्रदूषण, कार्वनको मात्रामा बृद्धि र जमीन तथा समुद्रका सतहमा क्रमिक परिवर्तनको अवस्थाले विश्वमा वातावरणीय सन्तुलन गुम्दै गएको छ ।
क्योटो अभिसन्धि, कोपनहेगेन घोषणा पत्र र विश्व वातावरण संरक्षण सम्बन्धी ब्राजिलको रिओ डि जेनेरो घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय घोषणा पत्र, नीति तथा कार्यक्रमका आधारमा नेपालमा वातावरण संरक्षण एवं प्रवर्द्धनको नीति अवलम्बन गरिने छ । रिओ डि जेनेरो घोषणा पत्रको सूची २१ मा उल्लिखित प्रविधि हस्तान्तरण, वन-जंगलको संरक्षण, विकासका चुनौतिहरु, जनसंख्याको चाप, बढ्दो शहरीकरण, जैविक विविधता, दीगो विकास, आर्थिक र मानवीय प्रभाव जस्ता विषयहरुमा राप्रपाको विशेष ध्यान केन्दि्रत भएको छ । उल्लिखित विषयहरुलाई समेट्दै, नेपालको वातावरण संरक्षणलाई नयाा संविधानमा स्थान दिन राप्रपा प्रस्ताव गर्दछ । यस्तै दूलर्भ वन्यजन्तु र जडिबुटी वनस्पतिको संरक्षण एवं बृद्धिका लागि अनुसन्धान र वर्गीकरण गरी सूचि तयार गर्नु विनाश र अनधिकृत व्यापार रोक्न कडा कानून बनाउने तथा उत्सर्जित कार्वन सोस्न वन जंगलको विकास र संरक्षणलाई प्राथमिकता दिइने कुरा संविधानमै उल्लेख गर्नु पर्ने पार्टीको धारणा छ । नेपाल जस्ता कम मात्रामा कार्वन उत्सर्जन गर्ने अल्पविकसित एवं विकाशशील मुलुकहरुले प्रभाव व्यहोर्नु परेकाले सो को क्षतिपूर्ति माग गर्ने संविधानमै व्यवस्था गर्ने रा.प्र.पा. प्रस्ताव गर्दछ ।

१०. मौलिक हक र अधिकार ः प्रत्येक नागरिकको निजी सम्पत्ति सुरक्षा र सम्पत्ति आर्जन गर्न पाउने, मुलुक भित्र निर्वाध हिडडुल गर्न पाउने, वाक् तथा प्रकाशन लगायत सबै प्रकारका मौलिक हक तथा अधिकारको प्रत्याभूति संविधानमै गर्न रा.प्र.पा. प्रस्ताव गर्दछ ।

११. मानव अधिकार ः पहिलो र दोश्रो जनआन्दोलनबाट मानव अधिकार बहाली भएर संविधान मै त्यसको व्यवस्था गरिए पनि नेपालमा “निरपेक्ष मानव अधिकार” कायम भएको व्यहारिक अनुभूति भएको छैन । मानव अधिकारलाई खास दल, सरकार वा व्यक्ति सापेक्ष तुल्याइएको अवस्था छ । नयाा संविधानमा मानव अधिकारलाई निरपेक्ष परिभाषित गरेर उल्लंघनकर्ता जो कोही भए पनि कडा कारवाहीको भागी बन्ने कुरा संविधानमै उल्लेख गर्न रा.प्र.पा. प्रस्ताव गर्दछ ।

१२. प्रेस स्वतन्त्रता ः प्रेस स्वतन्त्रतालाई मौलिक अधिकार उल्लेख गरी संचार उद्योग तथा संचारकर्मीका सुविधा र सेवाको प्रावधान संविधानमा उल्लेख गर्न प्रस्ताव गरिन्छ ।

भाग-२

राज्य संचालन सम्बन्धी नीति र कार्यक्रम

विघटित संविधानसभामा भएको प्रतिनिधित्वको आधारमा प्रमुख शक्ति भएको दावी गरेका एमाओवादी नेपाली काांग्रेस, नेकपा -एमाले) र संयुक्त मधेशी मोर्चा नयाा संविधान निर्माण गर्न मात्र असफल भएका होइनन्

सरकार संचालन गर्न पनि असफल भए । उनीहरुको असफलताको कारण बहुदलिय लोकतान्त्रिक गणतन्त्रमा "गैह्रदलीय सरकार" गठन भएर त्यस्तो सरकारले संविधानसभाको दोश्रो निर्वाचन गराउादै गरेको अवस्था छ । प्रमुख शक्ति भएको दावी गर्ने दलहरु राजनीतिक, आर्थिक, सामाजिक, साांस्कृतिक क्षेत्र र परराष्ट्रनीति संचालनमा समेत असक्षम र असफल असफल रही आएकोै पृष्ठभूमिमा मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न, सुशासन दिन, शान्ति सुरक्षाको स्थिति कायम गरेर आर्थिक रुपमा सवल र समृद्ध तुल्याउन सशक्त नीति, कार्यक्रम, प्रतिवद्धता र अठोटका साथ राष्ट्रिय प्रजातन्त्र पार्टी "हलो" चिन्हमा मत माग्दै आम नेपाली मतदाता समक्ष आएको छ ।

१. नेपालको वर्तमान अवस्था ः

-क) राष्ट्रियता ः पुरानो राजनीतिक प्रणालीलाई समाप्त गरेर नयाा राजनीतिक प्रणालीको प्रादुर्भावसंगै कायम भएको संक्रमण कालीन अवस्थालाई उपयुक्त ढंगबाट संबोधन गर्न नसक्ता नेपालको आन्तरिक अवस्था सोचे भन्दा बढी दयनीय तथा गम्भीर बनेको छ । राष्ट्रको शाख, छवि र स्वाभिमान कमजोर तथा फिका बनेको छ । विश्व समुदायमा नेपाल र नेपाली हेपिएको अवस्था छ । राष्ट्रियता र राष्ट्रिय एकताका तन्तुहरु अत्यन्त कमजोर बनेका छन् । शासन सत्ता भ्रष्टाचार, दण्डहिनता र अराजकताको पर्याय बनेको छ । सरकार र राज्य सर्वसाधारण जनताको कल्याण र पहुाचबाट टाढा भएका छन् । चरम राजनीतिकरण र दलीय भागवण्डाले सम्पूर्ण संवैधानिक अंग तथा निकाय, राष्ट्रको सुरक्षा संयन्त्र, निजामति सेवा, अदालत, विद्यालय, कलेज र विश्व विद्यालय, उद्योगधन्धा, पर्यटन क्षेत्र, अस्पताल लगायत आम जनतालाई सेवा, सुविधा र राहत दिने तथा उत्पादन गर्ने क्षेत्र र संस्था क्षत विक्षत् भएको अवस्था
छ । नेपालमा दण्डहिनता, बेरोजगारी, भ्रष्टाचार र चरम दलीयकरण व्याप्त भएको प्रतिवेदनका आधारमा विश्व संस्थाहरुले "असफल राष्ट्र" उन्मुख भएको निष्कर्श निकालेका छन् ।
नेपाली जनताले राष्ट्रिय शाख तथा छविलाई उज्वल र उाचो राख्ने, संघीय लोकतान्त्रिक गणतन्त्रलाई जीवनशैलीमा रुपान्तरण गर्ने, शान्ति सुरक्षा कायम गरेर भ्रष्टाचार निर्मूल गर्दै सुशासन दिने, वन जंगल र चुरे क्षेत्र लगायतका राष्ट्रिय सम्पति तथा सम्पदाको संरक्षण गरी वातावरण र प्राकृतिक सन्तुलनलाई कायम राख्ने, मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न सक्ने, स्वदेशमै रोजगारीका अवसर श्रृजना गरी विना भेदभाव रोजगारीको स्थिति निर्माण गरेर आर्थिक रुपमा राष्ट्रलाई आत्म निर्भर, स्वावलम्वी र समृद्ध तुल्याउने, राष्ट्रिय व्यक्तित्व र पदीय व्यक्तित्वको व्यक्तिगत प्रतिष्ठा जोगाउने तथा नेपाल र नेपालीको समग्र हित, प्रतिष्ठा, एकता र स्वाभिमान प्रति उत्तरदायी भएको जिम्मेवार राजनीतिक दलको आवश्यकता बोध गरेका छन् ।
नेपालमा राष्ट्रिय प्रजातन्त्र पार्टी नै त्यस्तो दल हो जो नेपाली जनताका यी आवश्यकता र अपेक्षा पूरा गर्न सक्ने अनुभव, योग्यता र क्षमता राख्दछ । रा.प्र.पा. विघटन र विध्वंशमा होइन, एकता, निर्माण र सृजनामा विश्वास गर्दछ । यसको परिचय स्वरुप, चरित्र र विशेषता नै यही हो । नेपाल र नेपालीको आजको आवश्यकता विध्वंश विघटन र विखण्डन होइन, एकता, समन्वय, निर्माण र सृजनशीलता हो । राप्रपा यही चरित्र र लक्ष लिएर निर्वाचनको माध्यमबाट आम नेपाली जनता समक्ष प्रस्तुत भएको छ ।

-ख) रा.प्र.पा.को मुख्य कार्यभार ः वर्तमान नेपालले झेलेका समस्या मध्ये राजनीतिक अस्थिरता, गिर्दो अर्थतन्त्र र शान्ति सुरक्षाको दयनीय अवस्था मुख्य हुन् । नेपाली जनता मुख्यतया यिनै तीनवटा समस्याबाट पिरोलिएकाले राप्रपाले राजनीतिक स्थायित्व, आर्थिक विकास र शान्ति सुरक्षालाई प्रमुख एजेण्डा -विषय) तथा कार्यभार मानेको छ । राष्ट्र र जनता प्रतिका यी तीन गुरुत्तर दायित्व -कार्यभार) एवं प्रतिवद्धता कार्यान्वयन

गर्न गराउनका लागि मंसिर ४ गते हुने निर्वाचनमा रा.प्र.पा.लाई बहुमत दिलाउन आम मतदातामा पार्टी हार्दिक अनुरोध गर्दछ ।
राष्ट्रिय प्रजातन्त्र पार्टी यो चुनावी घोषणा पत्र मार्फत निम्न लिखित राजनीतिक प्रतिवद्धता, आर्थिक र सामाजिक नीति तथा कार्यक्रम आदरणाीय मतदाता समक्ष प्रस्तुत गर्दछ ।

२. राजनीतिक स्थायित्व ः निर्वाचनबाट संविधानसभा व्यवस्थापिका संसद गठन भई नवगठित सभाले पहिलो एक वर्षमा नयाा संविधान निर्माण गरी घोषणा गर्नै पर्दछ भन्ने रा.प्र.पा.को अटल विश्वास छ । नयाा संविधान घोषणा संगै संक्रमणकाल स्वतः समाप्त हुनेछ । संविधान घोषणा पश्चात् संविधानसभाका अस्तित्व स्वतः समाप्त भएर व्यवस्थापिका संसद क्रियाशील हुनेछ र संसदबाट निर्वाचित जन उत्तरदायी सरकारले मुलुकको कार्यभार सम्हाल्ने छ । त्यस्तो जनउत्तरदायी सरकार गठनका लागि राप्रपाले बहुमत माग गरेको हो । राप्रपाले बहुमत पाएको खण्डमा मुलुकमा दीगो शान्ति, सुरक्षा, स्थायित्व सुशासन र विकास निर्माण प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

३. राप्रपाको सैद्धान्तिक धरातल ः
-क) राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रादुर्भाव राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक जगमा भएको हो । पार्टीको मुख्य लक्ष राज्य व्यवस्थामा सबै नेपाली – आदिवासी जनजाति, खस-आर्य, महिला, दलित, तराईवासी/मधेशी, मुशलमान तथा अल्पसंख्यक जाति, पिछडा वर्ग र समुदाय) को राज्य व्यवस्थामा समानुपातिक सहभागिताको सुनिश्चितता गराउने हो । राप्रपा यसलाई समावेशी प्रजातान्त्रिक राष्ट्रवाद परिभाषित गर्दछ । समावेशी राष्ट्रवाद राप्रपाको परिचय र साध्य हो बहुलवादी प्रजातान्त्रिक पद्धति यसलाई हासिल गर्ने माध्यम -साधन)
हो । यस मनेमा राप्रपाले समावेशी प्रजातान्त्रिक राष्ट्रवाद र बहुलवादी प्रजातान्त्रिक पद्धतिलाई एक अर्काका पूरक मानेको छ । एकको अभावमा अर्काको अस्तित्व रहन सक्तैन भन्ने पार्टीको निष्कर्श हो ।
-ख) वालिगमताधिकार, आवधिक निर्वाचन, न्यायपालिका, कार्यपालिका र विधायिका बीच शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा शक्ति सन्तुलन, कानुनी राज्य र विधिको शासन प्रेस स्वतन्त्रता, मौलिक हक र अधिकार तथा मानवअधिकारलाई राप्रपाले बहुलवादी प्रजातन्त्रका अपरिहार्य आधार र शर्त मानेको छ ।
-ग) उदारवादी धारणालाई समयानुकूल तुल्याउन राप्रपाले जनपक्षीय उदारवाद परिभाषित गरेको छ । जनपक्षीय उदारवादको केन्द्र विन्दु राजनीतिक रुपमा पिछडिएका र वञ्चितिकरणमा परेका तथा आर्थिक रुपमा विपन्न -गरिवीबाट सताइएका) जनता र समूदाय हुन् । आर्थिक र राजनीतिक रुपमा पछाडि परेका वर्ग र समूदायलाई अवसरको समानता उपलब्ध गराएर अगाडि बढाउन राज्यको भूमिका सहयोगी र सहयात्रीको रुपमा रहनु पर्छ भन्ने रा.प्र.पा.को धारणा छ । यस अर्थमा ग्रामीण अर्थतन्त्रको पुनःनिर्माण गरी रोजगारीका नयाा अवसर र आम्दानीको श्रृजना गर्नु जनपक्षीय उदारवादको प्रमुख लक्ष हो । यस क्रममा कृषि क्षेत्रमा नयाा लगानी र आधारसिला विस्तार महत्वपूर्ण हुने रा.प्र.पा.को ठहर छ । समष्टिमा राप्रपाको राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सिद्धान्तले आर्थिक र राजनीतिक रुपमा पछि परेका विपन्न जनता र समूदाय एवं ग्रामीण अर्थतन्त्रको उत्थानलाई मूल लक्ष्य बनाएको छ । यस अवधारणाको राजनीतिक पक्षलाई पार्टीको साागठानिक संरचना र प्रतिनिधित्वको व्यवस्थामा समेत लागू गरिसकेको छ ।

४. मुलुकको आर्थिक अवस्था ः एक सिंहावलोकन

आर्थिक रुपमा नेपाल दक्षिण एशियाका अन्य मुलुकको तुलनामा निकै पछाडि परेको छ । यसरी पछाडि पर्नमा मूलतः न्यून आर्थिक बृद्धिदर र रोजगारीका अवसरको कमी, व्यापारघाटा, चरम उर्जा संकट, विकासको असमान वितरण, कमजोर पूर्वाधार, विग्रदो सामाजिक पूर्वाधार, कमजोर शासन व्यवस्था रहेका राप्रपाको ठम्याई छ ।

कृषि र उद्योग जलश्रोत र पर्यटन नेपाली अर्थतन्त्रका मेरुदण्ड हुन् । यी क्षेत्रको अवस्था नाजुक छ । राष्ट्रको कूल जनसंख्याको दुई तिहाई बढी जनसंख्या कृषिमा आश्रति छ । नेपाल विश्व समूदायमा कृषि प्रधान देशको रुपमा परिचित छ ।

केही दशक अघिसम्म खाद्यान्न निर्यातबाट राष्ट्रिय अर्थतन्त्रको एक हिस्सा थेगेको कृषि प्रधान मुलुक नेपालले अहिले करीव वार्षिक २० अर्व भन्दा बढी मूल्यको अन्न मात्र आयात गर्न थालेको छ । प्रशोधित खाद्यवस्तु, मासु र फलफूल आयातको समेत हिसाव गर्दा यो अंक दोब्बर भन्दा बढी हुन्छ ।

एक समय उत्पादनशील उद्योगले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत योगदान पुर्‍याएकोमा अहिले घट्तै गएर ६ प्रतिशतमा ओर्लिएको छ । कैयौं उद्योग बन्द भएका छन् त कतिपय उद्योग बन्द हुने अवस्थामा छन् । स्थिति बडो विचित्रको छ । एकातिर कृषि र उद्योगमा रोजगारको संख्या घटेको छ र उत्पादनमा ठूलो ह्रास आएको छ भने अर्कोतिर चरम बेरोजगारी बढेर मुलुका उर्जाशील तथा उत्पादनशील युवा पुस्ताको ठूलो संख्या रोजगारीका लागि बाध्यतापूर्वक विदेश पलायन भैरहेको छ । उत्पादनशील क्षमताका युवा शक्तिको विदेश पलायनबाट जनशक्तिको अभावमा कृषि क्षेत्र धराशायी बनेको छ र औद्योगिक क्षेत्रले दक्ष तथा उत्पादनशील जनशक्तिको अभाव झेलिरहेको छ ।

कृषि र औद्योगिक उत्पादनमा ह्रास आए पछि निर्यात घट्न गई आयात बढ्नु स्वाभाविक हो । यसले राष्ट्रिय अर्थतन्त्रको चरित्र र स्वरुपमा नै परिवर्तन ल्याएर नेपालको अर्थतन्त्र “आयातमुखी” चरित्रको भएको छ । फलतः व्यापार घाटा बढेको छ । निर्यात भन्दा आयात सातगुणा बढी छ । व्यापार घाटा नेपालको एक वर्षको बजेट भन्दा बढी छ ।

उद्योग र कृषिलाई चरम उर्जा संकट -लोडसेडिङ्ग) ले नराम्ररी प्रभावित तुल्याएको छ । विजुलीको अभावमा उद्योगधन्दा पूर्ण क्षमतामा संचालित हुन नसकेकाले स्वतः नै उत्पादनमा ह्रास आएको छ । यस्तै विजुलीको अभावले गर्दा बोरिङ्गबाट सिंचाई गर्न र कृषिजन्य एवं पशुजन्य उद्योग संचालनमा बाधा परेको छ । पेट्रोलियम पदार्थको प्रयोग गर्दा उत्पादन लागतमा बृद्धि भएर मूल्य बढेको अवस्था छ ।

विकाशको असमान वितरणले समाजमा असमानता र खण्डीकरणको स्थिति छ । पूर्वी र मध्य नेपालको तुलनामा मध्यपश्चिम र सुदूरपश्चिममा लगानी, उत्पादन र रोजगारीका अवसर कम छन् ।

उत्पादनशील उद्योग -सरकारी र निजी) पर्यटन क्षेत्र -होटल) यातायात क्षेत्र र शैक्षिक प्रतिष्ठान -विश्व विद्यालय देखि प्राथमिक विद्यालय सम्म) हरु कमजोर शासन व्यवस्थाको कारण राजनीतिकरण, भ्रष्टाचार एवं आर्थिक अनियमितताको चपेटामा परेका छन् ।

पार्टी पिच्छेका ट्रेड युनियनका अराजक व्यवहारले सिङ्गो उद्योग क्षेत्र मर्माहत भएको छ, अस्तब्यस्त एवं अराजक स्थितिमा छ ।

५. राप्रपाको उद्योग नीति र कार्यक्रम ः

-क) झन्झटिला र अव्यावहारिक ऐन कानूनमा सुधार ल्याएर लगानी मैत्री ऐन कानून निर्माण गर्ने,

-ख) जलविद्युत उत्पादनलाई प्राथमिकता दिई उर्जा विकासमा बाह्य लगानी आकर्षित गर्ने । अनुत्पादक

अवस्थामा रहेको आन्तरिक पूंजीलाई उर्जा उत्पादनमा लगानी गराउने ।
-ग) नेपालमा लगानी गर्न चाहने लगानीकर्तालाई कम्तीमा साधारणतया छिमेकी मुलुक र प्रतिष्पर्धी अर्थतन्त्रहरुले उपलब्ध गराएका सहुलियत सरह सहुलियत प्रदान गर्ने ।
-घ) युवापुस्तालाई उद्योग व्यवसाय तर्फ आकर्षित तुल्याउन शिक्षा र तालिमको व्यवस्थाका साथै पूजी श्रृजना, प्रविधि ऋण तथा बजार व्यवस्थाको लागि सरकारी सहयोग तथा अनुदानको व्यवस्था गर्ने ।
-ङ) नेपाललाई बन्द र हड्ताल निषेधित राष्ट्र बनाउने ।
उल्लेखित नीति कार्यान्वयन गरेर आगामी एकदशक भित्र ४५ लाख व्यक्तिका लागि रोजगारी श्रृजना गर्ने लक्ष राप्रपाको रहेको छ ।
आर्थिक रुपमा मुलुकलाई आत्मनिर्भर तुल्याएर समृद्ध बनाउन राप्रपाले देशमा आर्थिक क्रान्तिका छ वटा आधार अघि सारेको छ । ती हुन ः
-१) चुरे संरक्षण र हरित -कृषि) क्रान्ति -२) जलश्रोत र उर्जा क्रान्ति -३) पर्यटन क्रान्ति -४) सूचना प्रविधि क्रान्ति
-५) औद्योगिक क्रान्ति -६) यातायात विकास

५.क. हरित क्रान्ति ः मेचीदेखि महाकालीसम्म फैलिएको चुरे क्षेत्रको वन विनास, ढुङ्गा, गिटी र बालुवा निर्यात गर्न दिइएको कारण सिंगो चुरे क्षेत्र उजाड बन्दै गएको छ र यसको प्रत्यक्ष प्रभाव परेर तराई -मधेश) मा मरुभूमिकरणको खतरा बढेको छ । राप्रपाले चुरे संरक्षण अभियानलाई राष्ट्रिय कार्यक्रम बनाएर संरक्षण गर्ने र दलहरुको भागवण्डामा परेर उजाड गराइदै गरेका चुरे लगायत मुलुकका सम्पूर्ण सामुदायिक, सरकारी र निजी बनको संरक्षण गर्ने नीति र कार्यक्रम तर्जुमा गरी हरियाली वातावरण कायम गरिने छ ।
ख रा.प्र.पा.ले आगामी १० वर्षमा मुलुकका खेती योग्य सबै जमिनमा सिंचाई सुविधा पुर्‍याउने लक्ष राखेको हुादा सिंचाई कार्यक्रमलाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा अगाडि बढाइने छ । नेपालमा अथाह जलश्रोत हुादाहुादै पर्याप्त मात्रामा भरपर्दे सिंचाईको अभावमा तराई/मधेशका उब्जाउ फाांट र पहाडका उर्वरक जमिनबाट चाहे अनुरुप उत्पादन लिन सकिएको छैन । अधिकाश भू-भाग अझसम्म आकाशे पानीमा आश्रति छन् । यो स्थितिको अन्त्य गरेर मुलुकका पहाड र तराई/मधेशका खेती योग्य जमीनलाई बाह्रै महिना हराभरा तुल्याउन रा.प्र.पा.ले सिंचाईलाई प्राथमिकता दिने नीति लिएको छ । आन्तरिक श्रोत साधन र बाह्रय ऋण तथा अनुदानबाट मुलुक भर ठूला साना नहर तथा कुलाहरु निर्माण गर्ने अठोट लिएको छ । तराई भएर बग्ने कोशी, गण्डकी, कणर्ाली र महाकाली लगायतका नदीहरुको पानीलाई दीर्घकालीन सिंचाईको लागि ठूला-ठूला नहर निर्माण गर्न अन्त्तराष्ट्रिय दातृ संस्था र राष्ट्रहरुको सहयोग जुटाइने छ ।
- बोरिङ्ग सिंचाईमा अनुदान दिइने छ ।
- पार्टीको जनपक्षीय उदारवादी नीति अन्त्तगत आउादो १० वर्ष भित्र भूमिहिन किसानलाई घर घडेरीको व्यवस्था गरिने छ ।
- साना र मझौला किसानलाई विशेष व्याजदरमा ऋण, नयाां प्रविधि, बजार सुविधा र प्रशोधन उद्योगको व्यवस्था गरेर प्रत्येक वर्ष ५ प्रतिशतका दरले कृषि उत्पादन बढाइने छ । यसबाट कृषि व्यवसायमा आकर्षण बढ्ने र रोजगारीमा व्यापक बृद्धि हुनेछ ।
- कमसे कम छिमेकी देश -भारत) का किसानले पाए सरह नेपाली किसानलाई मल र विउमा अनुदान तथा ऋण, नयाां प्रविधि, बजार व्यवस्थापनमा सुविधा र सहुलियत दिलाइने छ ।

- रासायनिक मलमा परनिर्भरता हटाउन स्वदेशमै रासायनिक मल कारखाना खोलिने छ ।
- कृषि उत्पादन -खडावाली) र पशु बीमाको व्यवस्था गरिने छ ।
- ६ वटा उत्तर-दक्षिण नाका विकसित गरेर भारत र चीनको शक्तिशाली अर्थतन्त्रसंग जोड्ने योजना बनाएको रा.प्र.पा.ले कणर्ाली-हिमाली अर्थतन्त्रको विकासलाई उच्च प्राथमिकता दिएको छ । हिमाली क्षेत्रमा यातायात सुविधा पुर्‍याएर त्यहा ा जडीबुटी उत्पादन, प्रशोधन र व्यवस्थित बजारीकरण तथा पशुपालन फलफूल खेती र पर्यटनमा व्यापक लगानी गरेर हिमाली अर्थतन्त्रलाई सुदृढ तुल्याइने छ ।

५. ख. जलश्रोत तथा उर्जाक्रान्ति ः यो क्रान्ति सम्पन्न गरेर मुलुकमा विद्यमान चरम उर्जा संकट समाप्त गर्न राप्रपाले -
- माथिल्लो कणर्ाली, पश्चिम सेती, बुढी गण्डकी, माथिल्लो मर्स्याङदी, तल्लो अरुण, अरुण तेश्रो, तामाकोशी तेश्रो तथा माथिल्लो तमोर लगायतका मेगा प्रोजेक्ट -बृहत आयोजना) आगामी १० वर्ष भित्र सम्पन्न गरी सक्ने लक्ष राखेको छ । विदेशी लगानी र आन्तरिक पूजी संचालन गरेर निर्यात मूलक यस्ता बृहत जलविद्युत आयोजनाहरु निर्माण गरिने छ ।
- प्रदेश र गाउा सरकारलाई मझ्यौला र साना जलविद्युत आयोजनामा लगानीका लागि प्रोत्साहित गर्न विशेष वित्तिय व्यवस्था र संरचना खडा गरिने छ ।
- पहाडी र हिमाली क्षेत्रका गाउा-गाउामा नदी, नाला र छहराबाट साना जलविद्युतमा स्थानिय जनतालाई संलग्न एवं सहभागि गराई राष्ट्रको नया ा पूजीमा उनीहरुको स्वामित्व बढाउने नीति लागू गरिने छ । यस नीति अर्न्तगत १०० किलोवाटसम्मका विद्युत आयोजनामा जनताको सहकारी मार्फत २० प्रतिशत लागत रकम उठाएर बा ाकी ८० प्रतिशत सरकारबाट उपलब्ध गराईने छ । यस कार्यक्रमबाट साना जलविद्युत विकास र ग्रामीण विद्युतीकरणमा नया ा क्रान्ति शुरु हुनेछ ।
- मझ्यौला र ठूला जलविद्युत आयोजनामा स्थानिय जनताको पनि निश्चित प्रतिशत स्वामित्व रहने व्यवस्था गरिने छ ।

५.ग. पर्यटन क्रान्ति ः यो क्रान्ति सम्पन्न गर्न निजी क्षेत्रलाई अझ बढी प्रोत्साहित गर्न लचिला, उदार र व्यावहारिक कानून निर्माण गरिने छ । पर्यटन विकासका लागि राजनीतिक स्थायित्व दीगो शान्ति र आन्तरिक सुरक्षा पहिलो
शर्त भएकोले यी पक्षमा राप्रपाले विशेष ध्यान दिनेछ । धार्मिक पर्यटन विकासका लागि आवश्यक पूर्वाधार तयार गरिने छ । पर्यटन विकासको निमित्त बन्द-हड्ताल बन्द गराउन, होटल लगायतका आवश्यक पूर्वाधार तयार गर्न सरकारको विशेष भूमिका हुनु पर्ने पार्टीको नीति रहेको छ । आम हड्ताल, बन्द, अशान्ति र असुरक्षाले पर्यटन क्षेत्रलाई नराम्ररी असर पुर्‍याउदै आएकाले यस्ता कार्यक्रमहरुलाई सधैं-सधैंका लागि बन्द गर्ने पार्टीको अठोट छ ।

५.घ. सूचना प्रविधि क्रान्ति ः सूचना र प्रविधिको विकासमा आन्तरिक निजी क्षेत्र र बाह्रय लगानी तथा प्रविधि भित्र्याउने समयानुकूल ऐन कानूनमा सुधार गरिने छ । युवा र विद्यार्थी वर्गलाई सकेसम्म निःशुल्क अथवा एकदमै कम दरमा इन्टर नेट लगायतका प्राविधिक सेवा उपलब्ध गराइने छ ।

५.ङ. क्षेत्रीय विकासको नयां रुपरेखा -नेपाली राजनीतिमा करिडोर अवधारणा) ः कणर्ाली क्षेत्र लगायत हिमाली क्षेत्रको अर्थतन्त्रमा क्रान्तिकारी परिवर्तन ल्याउन, व्यापक रुपमा पर्यटन विकास गर्ने र नेपाललाई भारत र चीन बीच औद्योगिक तथा व्यापारिक केन्द्र विन्दु बनाई युवा रोजगारीका अनगन्ती अवसर श्रृजना गर्ने राप्रपाले यातायात विकासलाई विशेष महत्व दिएको छ । उल्लिखित लक्ष हासिल गर्न राप्रपाले कोदारी नाकाका अतिरिक्त भारत, नेपाल र चीन जोड्ने थप ६ वटा नाका खोल्ने प्रस्ताव गरेको छ । पार्टीले तराई/मधेशका छ वटा ठाउामा औद्योगिक करिडोर स्थापना गरी ती करिडोरहरुलाई भारत र चीनका बजारसंग प्रत्यक्ष रुपमा जोडेर नेपालको अर्थतन्त्रमा छोटै समयमा अभूतपूर्व प्रगति हासिल गर्न विलकूल नवीनतम क्रान्तिकारी अवधारणा प्रक्षेपण गरेको
छ । यो अवधारणालाई मूर्तता प्रदान गर्न सकिने र यसमा विश्व समुदायको सहयोग एवं समर्थन प्राप्त हुने पार्टीको दृढ विश्वास छ । करिडोर अवधारणा कार्यान्वयन हुादा नेपालको मुहार र नेपालीको जीवनशैली र आयाममा नै अकल्पनीय सकारात्मक परिवर्तन आउने पार्टीको विश्वास छ । -१) सुदूरपश्चिममा धनगढी-अत्तरिया-बैतडी-टिकर नाका -२) मध्यपश्चिममा नेपालगंज-सुर्खेत-सिमिकोट -हुम्ला)-हिल्सा नाका -३) पश्चिमाञ्चलमा भैरहवा-पोखरा-बाग्लुङ्ग-जोमसोम-लोमाङथान नाका -४) मध्यमाञ्चलमा बीरगंज-गल्छी-त्रिशुली-टिमुरे नाका -५) पूर्वाञ्चलमा रानी -विराटनगर) -इटहरी-हिले-संखुवासभामा-किमाथान्का नाका र -६) केचना-इलाम-फिदिम-ताप्लेजुङ्ग-ओलाङचुङगोला नाका तथा काठमाडौं र बीरगंज जोड्ने रेलमार्ग आउादो १० देखि १५ वर्ष भित्र तयार गरी संचालनमा ल्याउने लक्ष राखेको छ । यस्तै मेची महाकाली जोड्ने रेल यातायात निर्माण गरी संचालन गरिने छ । जल यातायातको विकास र संचालनमा विशेष ध्यान दिइने छ ।

५.च. औद्योगिक क्रान्ति ः मुलुकमा व्यापक युवा रोजगारी बृद्धि गर्ने आयात र निर्यातमा सन्तुलन ल्याई व्यापार घाटा कम गर्न, आयात करमा आश्रति राष्ट्रिय अर्थतन्त्रलाई निर्यातमुखी तुल्याएर राष्ट्रलाई आत्मनिर्भर तथा स्वावलम्बी बनाउन राप्रपाले विद्यमान औद्योगिक क्षेत्रका अतिरिक्त थप ६ वटा औद्योगिक विकास रेखाको प्रस्ताव गरेको छ । ती ६ वटा विकास रेखा निम्न बमोजिम छन् ः
-१) विराटनगर-धरान औद्योगिक रेखा -२) बीरगंज-पथलैया औद्योगिक रेखा -३) ठोरी-माडी-भरतपुर-गैडाकोट -नवलपरासी) औद्योगिक रेखा -४) भैरहवा-बुटवल औद्योगिक रेखा -५) नेपालगंज-कोहलपुर औद्योगिक रेखा र -६) धनगढी-अत्तरिया औद्योगिक रेखा । यी क्षेत्रहरुलाई विशेष औद्योगिक क्षेत्र घोषणा गरी बाह्रय लगानी समेत भित्र्याउने र स्वदेशी पूंजी र बाह्रयपूजी संचालन गरेर उद्योगहरु संचालन गरिने छ । उद्योग संचालनमा सार्वजनिक-निजी संयुक्त लगानी नीति अवलम्बन गरिने छ ।
उत्तरी र दक्षिणी व्यापारी नाकाहरुमा सुख्खा बन्दरगाह निर्माण गर्ने क्रम जारी रहेको छ । यस क्रममा कञ्चनपुर जिल्लाको महाकाली पारी अवस्थित दोधारा-चाादनीमा समेत सुख्खा बदरगाह निर्माण गरिने छ । नेपाल अल्पविकसित राष्ट्रको सूचिमा छ । राजनीतिक स्थायित्व र उच्च आर्थिक बृद्धिदर जस्ता भरपर्दा पूर्वाधार तयार गरेर नेपाललाई विकासशिल राष्ट्रको सूचिमा उकालिने छ ।

६. भूमि सम्बन्धी नीति र कार्यक्रम ः नेपाली साम्यवादी दलहरुले प्रत्येक निर्वाचनको बेला "क्रान्तिकारी भूमिसुधार" का आकर्षक नारा उराल्ने गरेका छन् । जग्गाधनीका जमीन हड्पेर भूमिहिनलाई बााड्ने उनीहरुको नारा न त व्यावहारिक छ, न त संभव नै । नेपालले अंगीकार गरेको उदार आर्थिक नीतिले यस्तो अनुमति दिदैन । रा.प्र.पा. "सपनाको खेती" गर्न चाहादैन । उत्पादन, रोजगारी र दीगो विकासलाई भूमि सम्बन्धी नीतिको आधार मान्दछ । मुलुक संघीयता तर्फ उन्मुख भएकोले राज्यको पुनसंरचना पछि प्रदेशहरुको विशिष्ट

अवस्थाका आधारमा दीर्घकालीन भूमि, नीति तय गरिने छ ।

तराईका दलित र अल्पसंख्यक -सतार, मुसहर, बाँतर, डोम, दुषाध, चमार, चिडिमार) चुरे र महाभारत उपत्यकका माझी, बोटे, वादी, दनुवार, चेपाङ्ग, कुसुण्डा र राउटे तथा हलखोर, हलिया-खलिया र अझै पनि केही मुक्त कमैया र कम्लहरीहरु पूर्ण रुपमा भूमिहिन रहेका छन् । मुलुकमा जत्रा र जस्ता सुकै परिवर्तन आए पनि यी भूमिहिन जनताको आर्थिक अवस्थामा अपेक्षाकृत परिवर्तन आएको छैन । भूमिहिन र एक अर्थमा फिरन्ते जीवनको अवस्थामा रहेका जाति र समूदायले राज्य तथा परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । यी वास्तविक भूमिहिनलाई गाँसबास र कपासको व्यवस्था गर्न राप्रपाले निम्न कार्यक्रम प्रस्ताव गरेको छ ः

- तराई/मधेश र पहाडका वास्तविक भूमिहिन -सुकुमबासी) को तथ्यांक लिने ।
- राज्यले प्रत्येक भूमिहिनलाई कम्तीमा एउटा बस्ने घर घडेरीको व्यवस्था गरी स्वामित्व दिलाउने । भूमि बैंक खडा गरेर यो कार्य सम्पन्न गर्ने ।
- भूमि हिन जनतालाई सकेसम्म एकै ठाउमा बसोबासको व्यवस्था गरी बसोबास क्षेत्रमा विद्यालय, स्वास्थ्य केन्द्र, संचार, पिउने पानी, सडक र बजारको प्रवन्ध गर्ने ।
- प्रत्येक गा.वि.स. सरकारले आँनो सिमा भित्रका पर्ति-बाँझो र नदी उकास जमिनको लगत तयार गरी यसरी उपलब्ध हुने जमिन सो गा.वि.स.का भूमिहिन किसानलाई प्राथमिकता दिई ५० वर्षका लागि पट्टामा उपलब्ध गराउने र यस्ता किसानलाई ऋण, विउ र प्रविधिमा विशेष सुविधा दिइने छ । यो विधि र प्रक्रियाबाट आगामी १० वर्ष भित्र भूमिहिन अवस्थाको समाप्ति गरिने छ ।
- आय आर्जन -जिविका) को लागि शीपमूलक साना कुटिर उद्योग व्यवसाय संचालन गर्न विना व्याज ऋण दिलाउने ।
- उनीहरुको शीप र क्षमता बृद्धि गर्न अल्पकालिन तालिमको व्यवस्था गर्ने, स्वावलम्बी र आत्म निर्भर तुल्याउने ।
- बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपमा परी विस्थापित भएर सरकारी जंगल वा सार्वजनिक जग्गामा आश्रय लिएको अब्यवस्थित परिवारलाई सुरक्षित बसोबासको व्यवस्था गरेर उपलब्ध जमीनको स्वामित्व समेत प्रदान गरिने छ ।
- दश वर्षे सशस्त्र द्वन्दको क्रममा विस्थापित नागरिकलाई ससम्मान पुनःस्थापित गरिने छ ।

७. शिक्षा नीति तथा कार्यक्रम ः शिक्षा विकासमा राष्ट्रले ठूलो लगानी गरे अनुरुप निरक्षरता घटेको र शिक्षितको संख्या बढेको भए पनि आर्थिक र नैतिक विकासमा अपेक्षित योगदान पुग्न सकेको छैन । राप्रपाले शिक्षा, नीति र पाठ्यक्रममा समयानुकूल परिवर्तनको खाँचो महशुस गरेको छ । राप्रपा श्रमलाई माया गर्ने, नैतिकता र चरित्रको ख्याल गर्ने, राष्ट्र र राष्ट्रियता प्रति सचेत हुने व्यवसायिक, रोजगार मुलक उत्पादनमूखी सर्वशुलभ शिक्षा प्रणालीको पक्षमा छ । शिक्षा क्षेत्रलाई राजनीतिक प्रभाव र हस्तपेक्षबाट उन्मुक्त राख्नु पर्ने पार्टीको मान्यता छ ।

- मुलुकमा अझै पनि विद्यालय जाने उमेरका ८ देखि १० प्रतिशत बालबालिका विद्यालयको पहुँच र अवसरबाट वञ्चित रही निरक्षर रहेकाले तिनलाई दृष्टिगत गरेर शिक्षा योजना तथा कार्यक्रम संचालन गरिने छ ।
- कम आय र विपन्न वर्ग गुणस्तरीय प्राविधिक तथा उच्च प्राविधिक शिक्षाबाट बञ्चित रहेकाले यस समूहलाई प्राविधिक र व्यावहारिक शिक्षाका लागि विशेष कार्यक्रम लागू गरिने छ ।

- सरकारी लगानीमा संचालित प्राथमिक विद्यालय देखि विश्व विद्यालयसम्मका शैक्षिक प्रतिष्ठानहरुमा व्यवस्थापन एवं स्तरीयतामा आमूल सुधार गरेर गुणस्तरीय प्राविधिक र व्यावसायिक शिक्षाको अवसर सबैलाई समान रुपमा सर्वशुलभ गराइने छ ।
- निजी क्षेत्र र सरकारी क्षेत्रका शैक्षिक प्रतिष्ठानहरुमा कायम रहेको अन्तरलाई हटाउन व्यवहारिक नीति अवलम्बन गरिने छ र निजी क्षेत्रलाई नियमनकारी संयन्त्र भित्र ल्याएर उनीहरुलाई सामाजिक दायित्व बोध गराइने छ ।
- उच्च शिक्षामा समायानुकूल सुधार तथा परिवर्तन ल्याई विदेश कै स्तरका शैक्षिक प्रतिष्ठान कायम गरेर विदेश जान नपर्ने अवस्था श्रृजना गरिने छ । अहिले वार्षिक १० अर्व भन्दा बढी रकम उच्च शिक्षाका निम्ति मुलुकबाट बाहिरिएको अवस्था छ ।
- सरकारी स्वामित्वका शैक्षिक प्रतिष्ठानहरुमा +२ सम्मको शिक्षालाई निःशुल्क तुल्याइने छ ।
- बढी से बढी प्राविधिक तथा व्यावसायिक प्रतिष्ठान स्थापना गरेर सहज ढङ्गबाट कम खर्चमा कम आय र विपन्न वर्गका छात्र छात्रालाई रोजगारमूलक प्राविधिक तथा व्यावसायिक शिक्षा दिलाइने छ ।
- शिक्षा क्षेत्रलाई राजनीतिक प्रदुषणबाट उन्मुक्त राख्न उपयुक्त कानुनको व्यवस्था गरिने छ ।
- वैज्ञानिक अध्ययन, अन्वेषण तथा अनुसन्धान गर्न स्वदेश मै अवसर र वातावरण निर्माण गरिने छ ।
- समष्टिमा नैतिकता र रोजगारीसंग जोडिएको शिक्षा नीति तथा कार्यक्रम लागू गरिने छ ।
- वास्तविक र व्यावहारिक रुपमै विद्यालय, उच्च विद्यालय र विश्व विद्यालयहरुलाई “शान्ति क्षेत्र” कायम गरिने
छ ।
- निजी क्षेत्रलाई सामुदायिक विश्वविद्यालय खोल्न र संचालन गर्न अनुमति दिइने छ ।
- उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई सस्तो व्याजदरमा दीर्घकालीन शैक्षिक ऋणको व्यवस्था गरिने छ ।
- एक मात्र सन्तान जन्माउने दम्पतिका सन्तानलाई प्राथमिक तह देखि विश्वविद्यालय तह सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिने छ ।
- सबै तहका शैक्षिक प्रतिष्ठानहरुमा कार्यरथ अस्थायी, करार तथा ज्यालादारी शिक्षक, प्राध्यापक र कर्मचारीलाई नयाँ दरवन्दी श्रृजना गरी स्थायी गरिने छ ।

८. महिला सम्बन्धी नीति तथा कार्यक्रम ः

राष्ट्रको कूल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका नेपाली महिलाको अवस्था समष्टिगत रुपमा सन्तोषजनक छैन । राज्यका प्रत्येक अंग र दलहरुमा महिलाको संख्या, जिम्मेवारी र भूमिका नगण्य नै रहेको छ । महिला अधिकार, समावेशीकरण र सशक्तिकरण बारे संविधान, ऐन कानून र दलहरुका दस्तावेजमा पर्याप्त मात्रामा जोड दिइएको भए पनि व्यवहारमा चरितार्थ नभएको स्थिति छ । अधिकांश घर-परिवार र समाजमा अहिले पनि महिला उपेक्षित, अवहेलित र प्रताडित नै छन् । अत्याधिक शारिरीक श्रम र मानसिक तनावको साथै दोश्रो दर्जाको व्यवहारको अवस्था कायमै छ । धर्म र संस्कृतिको नाममा देउकी र छाउपडी प्रथा अद्यावधि पर्यन्त निर्मूल हुन सकेका छैनन् भने बोक्सीको आरोपमा अमानवीय कारवाही र सामाजिक वहिष्कारमा पर्ने प्रवृति र व्यवहार कायमै छ । कतिपय दुर्गम जिल्लामा बहुपति प्रथा यथावत छ भने वादी समूदायका महिला आज पनि यौन व्यापारमा सरिक हुन बाध्य र विवस छन् । वाल विवाह, चेलीवेटी

बेचविखन, वाल यौन शोषण, बलात्कार र दाइजो प्रथाले आजसम्म महिलालाई आक्रान्त बनाएको स्थिति छ । जबसम्म परिवार र समाजको सक्रियता, पहल र विवेकमा प्रत्येक घर परिवारका महिलालाई उल्लिखित विभेद, दुव्र्यवहार, रुढीवाद तथा विकृति एवं विसंगतिबाट छुट्कारा दिलाएर उन्मुक्त तुल्याउन सकिदैन तवसम्म हाम्रा सैद्धान्तिक प्रतिवद्धता र प्रयास पूर्ण रुपमा सफल हुन सक्तैनन् । रा.प्र.पा.को विचारमा महिला अधिकार, समावेशीकरण र सशक्तिकरणको व्यवस्था एवं प्रत्याभूति संविधान, कानून र दलका दस्तावेजमा गरिए संगै परिवारको प्रत्येक अभिभावक र पुरुषले परिवारका महिला सदस्यलाई शिक्षित, चेतनशील र अधिकारसम्पन्न तुल्याउन लागि पर्नु पर्दछ । तब मात्र नेपाल रुपी रथको एक पांग्राको भूमिकामा रहेका महिला वर्गको उत्थान हुनेछ ।

“प्रत्येक घरबाट शुरु गरौं, महिला सशक्तिकरण र समावेशिकरण” भन्ने नीति अख्तियार गरेको रा.प्र.पा. निम्न नीति र कार्यक्रम घोषणा गर्दछ ः

- महिला अधिकार सम्बन्धी नैरोवी, कोपनहेगेन र वेइजिङ, घोषणा कार्यान्वयन गरिने छ ।
- सम्पत्ति माथि महिलाको हक र अधिकारलाई सुनिश्चित तुल्याउन संविधानमा नै व्यवस्था गरिने छ ।
- महिला माथिका विभेद, उत्पीडन, शारीरिक तथा मानसिक शोषण, अवहेलना र यातनालाई गंभीर प्रकृतिका अपराधको सूचिमा सुचिकृत गरी तदनुरुप दण्ड सजायको कानूनी व्यवस्था गरिने छ ।
- दल र राज्यका सबै तह निकायमा महिला सहभागितालाई ५० प्रतिशत नै पुर्‍याउने संवैधानिक व्यवस्था गरिने छ ।
- नेपाललाई महिला हिंशा मुक्त राष्ट्र बनाउने प्रयास हुनेछ ।
- महिला स्वास्थ्यलाई राष्ट्रको मूल दायित्व र कार्यभारको सूचीमा राखेर तदनुरुप बजेट र कार्यक्रम बनाइने छ ।
- कणर्ाली-हिमाली क्षेत्र र तराई/मधेशका महिलाका लागि तत्काल व्यवहारमै अनुभूत हुने विशेष राजनीतिक आर्थिक र सामाजिक कार्यक्रमको प्याकेज बनाई कार्यान्वयन गरिने छ ।
- सीमान्तकृत र विपन्न महिलाका लागि हातेमालो कार्यक्रम संचालन गरिने छ ।

-९) युवा नीति र कार्यक्रम

नेपाली युवा पुस्ता मूलतः बेरोजगारी र आर्थिक समस्याबाट मानसिक तथा भौतिक रुपमा पीडित छ । राष्ट्रको मेरुदण्डको रुपमा रहेको अजस्र श्रोतको खानी युवा पुस्ता काम, दाम र मामको खोजीमा भौतारिएको अवस्था छ । युवा पिढीको उन्नति, विकास, सन्तुष्टि नै राष्ट्रको उन्नति, प्रगति, शान्ति र स्थायित्वको आधार भएको हुनाले राप्रपाले ः

- आगामी १० वर्ष भित्रमा राष्ट्रका ४५ लाख युवा-युवतीलाई रोजगारी दिलाउने लक्ष राखेको छ ।
- युवा पुस्तालाई उद्योग व्यवसाय र उन्नत तथा आधुनिक कृषि तर्फ आकषिर्त गर्न व्यवसाय अनुरुपको शिक्षा शीप र तालिमको व्यवस्थाका साथै पूंजी श्रृजना, प्रविधि, आवश्यक ऋण तथा बजार व्यवस्थाको लागि सरकारी सहयोग एवं अनुदानको व्यवस्था गरिने छ ।
- बेरोजगार युवा-युवतीलाई रोजगारी नपाउन्जेलसम्म बेरोजगार भत्ता दिइने छ ।
- चिकित्सा, विज्ञान प्रविधि, कृषि र व्यवस्थापनमा उच्च शिक्षा हासिल गर्न चाहने युवा-युवतीलाई निव्र्याजी रुपमा दीर्घकालिन ऋण उपलब्ध गराइने छ ।
- अल्प शिक्षित र अर्ध शिक्षित युवा-युवतीलाई रोजगार मूलक तालिम र सीप निःशुल्क उपलब्ध गराइने छ ।

- बैदेशिक रोजगारीमा जान चाहनेलाई निव्र्याजी ऋणको व्यवस्था गरिने छ ।
- +२ सम्म निःशुल्क शिक्षा दिइने छ ।
- स्वदेशमा रोजगारी दिलाएर रोजगारीका लागि विदेश जानु पर्ने स्थितिको अन्त्य गरने छ ।
- युवा-विद्याथीलाई सकेसम्म निःशुल्क र सो सम्भव नभएमा एकदमै सस्तो मूल्यमा इन्टरनेट सेवा दिइने छ ।

-१०) वालवालिका र वाल अधिकार ः नेपालका सम्पूर्ण बालबालिका र विशेषतः सडक बालबालिका र विपन्न परिवारका बालबालिकाको स्थिति अत्यन्त दयनीय छ । अबोध बालबालिकालाई विभिन्न असामाजिक एवं आपराधिक कार्यमा दुरुपयोग गर्ने क्रम बढेको छ । विद्यालय जाने उमेरका लाखौं बालबालिका कडा शारीरिक श्रम गर्न बाध्य छन् । नेपाललाई बालश्रम मुक्त राष्ट्र बनाउन राप्रपा प्रतिवद्ध छ । यसका लागि ः
- बालश्रम विरुद्ध कडा कानून निर्माण गरेर लागू गरिने छ । बालश्रमलाई अपराध परिभाषित गरिने छ ।
- विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाउने व्यवस्था गरिने छ ।
- असहाय तथा अपांग, टुहुरा-टुहुरी तथा सडक बालबालिकाका लागि पुनःस्थापन केन्द्रहरुको व्यवस्था गरेर शिक्षा दीक्षा र रोजगारीको अवसर मिलाइने छ, बाल अस्पतालहरु स्थापना र विस्तार गरिने छ । नेपाललाई सडक बालबालिका विहिन देश बनाइने छ ।
- बाल तस्करी र बालबालिका मार्फत लागू पदार्थ ओसार पसार गराउने कार्यलाई गम्भिर अपराध मानी नियन्त्रणका लागि कडा कानून बनाइने छ ।
- राज्यका अतिरिक्त निजी क्षेत्रलाई बालसुधार तथा पुनस्र्थापना केन्द्र खोल्न र संचालन गर्न प्रोत्साहित गरिने छ । बालकल्याणमा समर्पित लगानीकर्तालाई निश्चित हदसम्म कर मिनाहा दिइने छ ।
- बालबालिका क्षेत्रमा काम गर्ने गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संघ, संस्थाहरुलाई जिम्मेवार र उत्तरदायी तुल्याइने छ ।
- दुर्गम जिल्लाका बालबालिकाका निम्ति विद्यालय भएकै स्थानमा छात्राबासको व्यवस्था गरिने छ ।
- बाल अधिकारको संरक्षणका लागि उपयुक्त कानून बनाइने छ ।
- राजनीति उद्देश्यका लागि बालबालिकाको प्रयोगमा पूर्ण प्रतिवन्ध लगाइने छ, सबै किसिमका बाल हिंसा रोकिने छ ।

-११) मधेश/तराई सम्बन्धी कार्यक्रम ः
मधेश/तराईका मुख्य समस्या भनेका पहिचान, सम्मान र अधिकार तथा राज्य व्यवस्थामा समान र सम्मानजनक सहभागिता हुन । शदीयौं देखि खेपेको अन्याय, उपेक्षा र उत्पीडनबाट मधेश/तराईलाई छुट्कारा दिलाउन रा.प्र.पा. प्रतिवद्ध छ, कृत संकल्पित छ । मधेश/तराईलाई पार्टीले नीति र कार्यक्रममा विशेष स्थान र ग्राह्यता दिएको छ । पार्टीले मधेश/तराईमा २ वटा प्रदेश -बुद्ध प्रदेश र जनक प्रदेश) बनाउन प्रस्ताव गरेको छ । शदीयौं देखिको अन्याय सच्चिने गरी आरक्षण, प्रतिनिधित्व, सक्रिय साझेदारी र सम्मान जस्ता चारवटा आधारभूत पक्षमा विशेष ध्यान दिइएको छ । उल्लिखित चारवटा आधारभूत विषयको कार्यान्वयनमा आदिवासी जनजाती, मुसलमान, दलित र महिलालाई प्राथमिकता सूचिमा राखिएको छ । भविष्यमा बन्ने प्रदेश सरकारका मुख्य कार्यभार यी नै विषय हुने
छन् । प्रदेश सरकारका अलावा केन्द्रीय सरकारले पनि मधेश/तराईलाई जनसंख्याको आधारमा राजनीतिक, सामाजिक र प्रशासनिक निकायमा समानुपातिक एवं समावेशीक हक तथा हिस्साको व्यवस्था गर्ने पार्टीको लक्ष

तथा नीति रहेको छ । यी उद्देश्य प्राप्तिका लागि

- तराई/मधेश प्रदेशलाई स्वायतता प्रदान गरिने छ ।
- नेपाली सेनामा जनसंख्याको आधारमा भर्ना व्यवस्था गरिने छ, मधेश/तराईको छुट्टै पल्टन खडा गरिने छ ।
- मधेश/तराईको विकास नेपालको विकास र अर्थतन्त्रको जग -आधार) भएकाले यस क्षेत्रका प्रथम स्तरका शहरहरु-धनगढी, नेपालगंज, भैरहवा, बीरगंज, जनकपुर र विराटनगरलाई एक अर्कासंग जोडेर द्रुत निर्माण र विस्तार गर्न निर्माणधीन हुलाकी राजमार्गलाई अन्तराष्ट्रियस्तरको राजमार्गमा रुपान्तरण गरिने छ ।
- दोश्रो स्तरका शहर- महेन्द्रनगर, कृष्णनगर, कलैया, जलेश्वर, लाहान, राजविराज, इटहरी र भद्रपुरको योजनावद्ध विकास र विस्तार गरिने छ ।
- पहाड र तराई जोड्ने नाकाका रुपमा रहेका सुर्खेत, तुलसीपुर, त्रिभुवननगर -दाङ) बुटवल, भरतपुर, हेटौडा, गाईघाट -उदयपुर) तथा धरान र बीरतामोडमा विशेष आर्थिक क्षेत्र, प्राविधिक केन्द्र तथा आवाश आयोजना संचालन गरी अत्याधुनिक र विकसित तुल्याइने छ ।
- रा.प्र.पा.ले प्रस्ताव गरेका ६ वटा आर्थिक नाका -करिडर) मधेश/तराईमै रहने भएकाले भारत-नेपाल र चीनलाई जोड्ने ६ वटा उत्तर दक्षिण राजमार्ग आउादो १० वर्ष भित्रमा निर्माण गरिने छ ।
- कोशी र नारायणी नदीमा जल यातायातको विकास गर्न नदी बन्दरगाह निर्माण गरिने छ ।
- मधेश/तराईका भाषा र संस्कृतिको संरक्षण तथा उत्थानमा विशेष जोड दिइने छ ।
- राज्य पक्ष भई सम्पन्न गरिएका मधेश आन्दोलन लगायत समय-समयमा भएका अन्य आन्दोलन सम्बन्धी सहमति र संझौताहरुको कार्यान्वयन गरिने छ ।
- तराई/मधेशका कृषि योग्य जमिनमा चक्लावन्दीको व्यवस्था गर्न कानून बनाई कार्यान्वयन गरिने छ ।
- तराई/मधेशका सीमावर्ती क्षेत्रका नागरिक नेपाल र भारतका सुरक्षाकर्मीहरुबाट अनाहकमा अधिकतम रुपमा सताइदै आएकाले यस्तो परिस्थितिको अन्त्य गरिने छ ।
- भूमि माथिको द्वैध स्वामित्व अन्त्य गर्ने रा.प्र.पा.को घोषित लक्ष अझै पूरा नभएकाले बाँकी रहेको द्वैध स्वामित्वलाई एक वर्षभित्र एकल स्वामित्वमा बदलिने छ ।

-१२) सामाजिक नीति तथा कार्यक्रम ः

जाति, भाषा, धर्म, संप्रदाय र संस्कृति सम्बन्धी विषयमा विगत केही समय यता नेपाली समाज ध्रुवीकृत हुादै आएको छ । छुवाछुत, धामी-झाँक्री, बोक्सी र छाउपडी -रजस्वला हुादा घर बाहिर निकालिने प्रथा) जस्ता रुढीवादी प्रवृत्ति र व्यवहार पनि अस्वाभाविक रुपमा फैलिदै गएका छन् । शिक्षित र चेतनशील व्यक्तिहरु पश्चिमा संस्कृतिबाट प्रभावित हुादै जाँदा संयुक्त परिवारको संस्कृति र परम्परालाई एकात्मक परिवार प्रथाले विस्थापित गर्दै लगेको छ । फलतः बृद्ध-बृद्धाको समस्या समाजमा जटिल बन्दै गएको छ । पारिवारिक र सामाजिक अपराधमा पनि बढोत्तरी आएको छ । सामाजिक र पारिवारिक अराजकता दण्डहिनता झाँगिदै गएको अवस्था छ । राप्रपाले नकारात्मक परिवर्तनका यस्ता संकेतलाई गंभीर अर्थमा लिएको छ ।
नेपाल बहुभाषी, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक देश भएकाले तराई/मधेशका माघी छठ र रमजान -इद) हुन, पूर्वका साकेला, उधौली-उभौली र मुन्धुम संस्कृति हुन वा सुदूर पश्चिमको गौरा पर्व हुन अथवा हिमाली क्षेत्रको ल्होसार र काठमाडौं उपत्यकाका इन्द्रजात्रा र मच्छेन्द्रनाथको जात्रा, योमरी पूणिर् अथवा दशै र तिहार हुन, यी र यस्तै अरु सबै साँस्कृतिक र धार्मिक विविधता नेपाली जनताका सांस्कृतिक सम्पत्ति र पहिचानका आधार रहेका राप्रपाको बुझाई छ । तर शदियौं देखि जरा गाडेर बसेका जातभात र छुवाछुत जस्ता जातीय

रुढीवादी संस्कार र परम्पराले यी अमूल्य सांस्कृतिक सम्पत्ति र पहिचानका आधारलाई कतै कम्जोर तुल्याउदै र कतै खलबल्याउदै आएकाले सामाजिक विकृति, विसंगति र कुसंस्कार हटाएर यो पहिचानलाई युगौ युगसम्म जीवित राख्न राप्रपा निरंतर संघर्षरत छ । सामाजिक सुधारका लागि राप्रपा निम्न नीति तथा कार्यक्रम प्रस्ताव गर्दछ

- छुवाछुत र जातिय विभेदका संस्कार तथा प्रथा समाजका कलंक भएकाले यिनलाई निर्मूल पार्न राप्रपा कटिवद्ध छ । छुवाछुत विरुद्ध शून्य सहनशिलताको नीति लिएको छ ।
- प्रत्येक जातिको मातृभाषा लिपि धर्म-संस्कृति तथा परंपराको संरक्षण गर्न राप्रपा प्रतिवद्ध छ ।
- जेष्ठनागरिक र एकल महिलालाई राज्यको पूर्ण संरक्षण आवश्यक भएको महशुस गरेका हुनाले राज्यबाट उपलब्ध भएको वर्तमान सामाजिक सुरक्षा भत्ता वापतको रकम बढाएर दोब्बर बनाउने लक्ष लिएको छ ।
- असहाय जेष्ठ नागरिकको संरक्षण, सेवा र सुविधाका लागि सुविधायुक्त बृद्धाश्रमहरुको निर्माण गरिने छ । यस्ता पुनित कार्यमा सेवाभाव भएका समाजसेवी, उद्योगपति, व्यापारीलाई प्रोत्साहित गर्न सेवा वा लगानी दिए वापत आयकरमा छुट दिने व्यवस्था गरिने छ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाएर पर्याप्त मात्रामा बुद्धाश्रमहरु निर्माण गरिने छ र प्रत्येक बृद्धाश्रममा उपचारका लागि चिकित्सक र पूजाआजाको लागि यथोचित व्यवस्था समेत गरिने छ ।
- जेष्ठ नागरिकका लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम ल्याइने छ ।
- जेष्ठ नागरिक माथि हुने आर्थिक, परिवारिक र सामाजिक दुव्र्यवहार रोक्न कडा कानून ल्याइने छ ।
- नेपालमा शारिरीक अशक्तहरुको संख्या निकै धेरै छ । शारीरिक र मानसिक अपांगतालाई संबोधन गर्ने स्पष्ट राष्ट्रिय नीति नभएकाले यस्ता अशक्त नागरिकले दया मायाको भरमा बाच्नु पर्ने स्थिति छ । शारिरीक अपांगता भएका व्यक्तिहरु परिवारका लागि पनि समस्या भएकाले “अपांग गृह” निर्माण गरेर उनीहरुलाई एकै थलोमा सबै सुविधा जुटाउने र शीप र तालिमको व्यवस्था गरी स्वाभिमानी श्रृजनशील जीवनयापनका लागि राष्ट्रिय नीति, बजेट तथा कार्यक्रम ल्याउन पार्टी प्रतिवद्ध छ ।
- तेश्रो लिंगीको सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकार कायम गर्न पार्टी प्रतिवद्ध छ ।
- सीमान्तकृत विपन्न वर्गलाई परिचय पत्रको आधारमा रासन कार्ड उपलब्ध गराई सस्तो मूल्यमा खाद्यान्न उपलब्ध गराउने राप्रपाको नीति रहेको छ ।

-१३) खेलकुद ः राप्रपाले खेलकुदलाई राष्ट्रको प्रतिष्ठा, परिचय र स्वाभिमानको अवयव मानेको छ र खेलकूदलाई व्यवसायीकरण गर्न चाहेको छ । खेलाडी बन्नु भनेको एउटा सुरक्षित र संरक्षित व्यवसायी बन्नु हो भन्ने विश्वास दिलाउन विभिन्न किसिमका खेलकूदको विकास र संचालनका लागि पूर्वाधार निर्माण गरिने छ । खेलकुद क्षेत्रमा दक्षता र अनुभव भएका व्यक्तिलाई खेलकूदको नेतृत्व दिइने छ ।
राष्ट्रिय कीर्तिमानी कायम गरेका खेलाडीलाई अवकाश पछिको जीवन जिउन विशेष व्यवस्था गरिने छ ।

-१४) बैदेशिक रोजगारी ः बैदेशिक रोजगारीबाट प्राप्त रकम-विप्रेषण -रेमिटेन्स) ले नेपालको अर्थतन्त्रमा ठूलो टेवा दिएको छ । विप्रेषण प्राप्त गर्ने परिवारको जीवनस्तर र शैलीमा नै उल्लेख्य परिवर्तन आएको छ । विप्रेषणले राष्ट्रिय अर्थतन्त्र धान्ने काम गरेको भए पनि उत्पादनशील क्षेत्रमा सदुपयोग नगरिएकाले अर्थतन्त्रमा दीर्घकालीन फाइदा पुगेको स्थिति छैन । राप्रपाले विप्रेषण राशीलाई उत्पादनशील क्षेत्रमा लगाउने सोचमा छ । बैदेशिक रोजगारीमा जाने नेपाली युवाहरुको संख्या करिव ४० लाखको हाराहारीमा रहेको कारण यसले व्यक्तिगत रुपमा आर्थिक टेवा राम्रै दिएको भए पनि संगसंगै पारिवारिक विखण्डन र सामाजिक विसंगति

सामाजिक/मानसिक असुरक्षा, बसाई-सराईमा बृद्धि जस्ता नकारात्मक पक्ष पनि चुनौतिको रुपमा उत्पन्न भएका छन् ।
बैदेशिक रोजगारीमा जाने युवा-युवतीले स्वदेश भित्र र रोजगारदाता मुलुकमा अनेकौं कानूनी प्राविधिक र व्यावहारिक अड्चनको सामान गर्नु परिरहेकाले राप्रपा यस स्थितिमा सुधार ल्याएर बैदेशिक रोजगारीलाई भरपर्दो, सुरक्षित र आकर्षक बनाउन कृत संकल्पित छ । बैदेशिक रोजगारीमा जान चाहनेलाई प्रविधि सीप सिकाउन निःशुल्क तालिमको व्यवस्था गरिने छ । बैदेशिक रोजगारी सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्शाएको चासोलाई सकारात्मक पहल मानेको छ ।
बैदेशिक रोजगार व्यवसायीलाई व्यावसायिक सुरक्षा प्रदान गर्न पार्टी प्रतिवद्ध छ । तर राप्रपा बैदेशिक रोजगारीलाई लामो समयसम्म कायम राख्ने पक्षमा छैन । नेपालीले स्वदेशमै स्वाभिमान र आत्मसम्मानपूर्वक शिर ठाडो
गरेर बा◌ाच्न र उन्नति गर्न आउादो दश वर्ष भित्रै सबै नेपालीलाई स्वदेशमै काम र माम दिलाउने पार्टीको नीति रहेको छ ।

-१५) गैर सरकारी संघ, संस्था ः नेपालमा गैर सरकारी र अन्तरराष्ट्रिय गैर सरकारी संघ/संस्थाको संजाल व्यापक छ । उनीहरुको योगदान तथा भूमिका उल्लेख्य रहे पनि जातीय, धार्मिक र साम्प्रदायिक भावना भड्काउनमा समेत केही केहीको परोक्ष भूमिका रहेको चर्चा र टिप्पणी पनि व्यापक छ । मुलुकमा क्रियाशील सबै यस्ता गैर सरकारी संघ/संस्थाहरुको संचालनका लागि उपयुक्त ऐन, कानूनको निर्माण गरेर पारदर्शी र उत्तरदायी तुल्याएर क्रियाशील गराइने छ । यसो भएमा बजेट र कार्यक्रममा पारदर्शिता कायम भई रकमको दुरुपयोग र भ्रष्टाचार हुन रोकिने
छ ।

-१६) शान्ति सुरक्षा ः शन्ति सुरक्षाको स्थिति अझै पनि चुनौतिपूर्ण र दयनीय छ । राजनीतिमा अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्ने प्रवृति र व्यवहार यथावत रहेकाले दण्डहिनता राज्य र सरकारको आदर्श जस्तै भएको छ । राप्रपा राजनीतिलाई अपराधिकरणको चंगुलबाट बाहिर निकालेर मर्यादित र आदर्शयुक्त तुल्याउन र शान्ति सुरक्षा कायम गर्न प्रतिवद्ध छ । नागरिकको जीउधनको सुरक्षा र औद्योगिक सुरक्षालाई पार्टीको प्राथमिकता सूचिमा राखिएको छ ।

-१७) राष्ट्रिय सुरक्षा नीति ः उपयुक्त राष्ट्रिय सुरक्षा नीतिको अभावमा नेपालको आन्तरिक अवस्था अत्यन्त गंभीर रहेको
छ । राष्ट्रिय राजनीति र सुरक्षामा बाह्य हस्तक्षेप बढेको चर्चा र टिप्पणि आम नागरिकमा व्याप्त छ । विभिन्न बाह्य शक्तिको जासुसी र सुरक्षा निकायहरु नेपाली भूमिमा प्रत्यक्ष तथा परोक्ष रुपमा सक्रिय रहेको टिप्पणि दुवै छिमेकीबाट बेला बेलामा आउने गरेको छ । नेपालको आन्तरिक सुरक्षा अवस्था कमजोर हुादा दुवै छिमेकीको सुरक्षा प्रभावित हुने तर्फ बारंबार आएका छन् । रा.प्र.पा. शान्ति सुरक्षा कायम गरेर नागरिकको जीउ, धन र व्यवसायको सुरक्षाको पूर्ण प्रत्याभूति दिन प्रतिवद्ध छ । मुलुकको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप प्रभावी बन्दै गएको आम नेपालीले महशुस गरेका छन् । मित्र राष्ट्रहरुको सद्भाव, सहयोगलाई निरन्तर कायम राख्दै राप्रपा यो स्थितिको अन्त्य गर्न चाहन्छ ।
दुई शक्तिशाली छिमेकीको बीचमा च्यापिएको नेपालले आन्तरिक सुरक्षा अवस्थालाई नजरअन्दाज गरेर बस्न

हुादैन, आˆनो आन्तरिक सुरक्षालाई सुदृढ तुल्याएर दुवै छिमेकीलाई नेपाली भूमिबाट उनीहरुको सुरक्षामा कुनै खतरा नरहेको विश्वास दिलाउन आवश्यक छ । राप्रपा यसै संवेदनशीलतालाई केन्द्र विन्दुमा राखेर उपयुक्त, व्यावहारिक तथा बैज्ञानिक राष्ट्रिय सुरक्षा नीति निर्माण गर्न कटिवद्ध छ ।

-१८) प्रशासन सम्बन्धी नीति ः निजामति प्रशासन मुलुकको स्थायी सरकार हो । स्थायी सरकार राजनीतिक निरपेक्ष, मर्यादित र उत्तरदायी हुन अत्यावश्यक छ । चरम राजनीतिकरण, अवाािछत हस्तक्षेप र भेदभावपूर्ण व्यवहारको कारण स्थायी सरकार मनोवल गिरेको तेजोवध अवस्थामा छ । निरपेक्ष र समभावका आधारमा दायित्व बहन गर्न असमर्थ
छ । निजामति सेवामा राजनीति घुसाइएको कारण नेपालको सिंगो निजामति प्रशासन बृहध्रुवमा विभाजित छ । निजामति प्रशासन स्वेच्छाले नभई बाध्यता बस बहुध्रुवीकृत भएकोले राप्रपा यस परिस्थितिमा सकरात्मक सुधार ल्याएर स्वतन्त्र, तटस्थ र राजनीतिक निरपेक्ष तुल्याउन कृत संकल्पित छ ।

-१९) द्वन्द पीडित नागरिक बारे ः दश वर्षे सशस्त्र द्वन्दको क्रममा राज्य पक्ष र तत्कालिन विद्रोही पक्षबाट मारिएका, बेपत्ता बनाइएका, अङ्गभङ्ग गरिएका, सम्पत्ति लुटिएका र विस्थापित तुल्याइएका नेपाली नागरिक र तिनमा आश्रति परिवारलाई वर्तमान राज्य र सरकारले संबोधन नगरेका कारण शान्ति प्रक्रिया अधुरै रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको बुझाई छ । शान्ति प्रक्रिया शुरु भए यता देखि आजको मितिसम्म नेपालको शासन व्यवस्था तत्कालिन विद्रोही शक्ति एनेकपा -माओवादी) को प्रत्यक्ष तथा परोक्ष निर्देशनमा संचालित हुादै आए पनि माओवादी लडाकु बाहेक माओवादी र गैह्र माओवादी द्वन्द पीडितले राज्यबाट न्याय, उपचार र राहत पाएका छैनन् । उत्पीडकहरु नै राज्य व्यवस्थामा निणर्ायक र हर्ताकर्ता बनेकाले द्वन्द पीडितको चहराएको घाउमा नुन चुक छर्के सरह भएको छ ।

-२०) द्वन्द पीडित नागरिकलाई न्याय, राहत र सेवा सुविधा दिलाउन ः
- निष्पक्ष सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिने छ,
- पीडित समुदायको शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, पहिचान, सम्मान तथा सन्तुष्टिका अधिकारको प्रत्याभूति गरिने छ,
- नेपालले हस्ताक्षर गरेका रोम विधान लगायतका अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लिखित मानव अधिकारका सिद्धान्त र मान्यतालाई कार्यान्वयन गराइने छ,
- पश्चात् दर्शी कानून बनाएर गंभीर मानव अधिकार उल्लंघनका घटनालाई संबोधन गरिने छ,

-२१) सेवानिबृत्त सैनिक, प्रहरी र कर्मचारी ः सेवा निबृत्त कर्मचारी, भू.पू.सैनिक तथा प्रहरी अनुभव प्राप्त खारिएका राष्ट्रका शक्ति भएकाले संगठित गरेर उनीहरुमा भएको शीप, दक्षता र क्षमतालाई राष्ट्रको उत्थान एवं विकासमा सदुपयोग गर्ने र आवश्यक संरक्षण तथा सम्मान प्रदान गरिने छ । उत्पादन मूलक र सेवा मुलक क्षेत्रमा नेतृत्व दिइने छ । महागीको अनुपातमा पेन्सन तथा अनुदानको रकममा बृद्धि गरिने छ । विदेशमा सेवा निबृत्त भू.पू. सैनिकलाई सम्बन्धित देशका भू.पू. सैनिककै सरह पेन्सन तथा अनुदान दिलाउन प्रक्रिया अगाडि बढाइने छ ।

-२२) मजदूर नीति र कार्यक्रम ः नेपालमा मानव र मौलिक हक अधिकार युक्त खुला राजनीतिक र आर्थिक वातावरण कायम भएको भए पनि औद्योगिक र कृषि मजदूरको भौतिक अवस्थामा उल्लेख्य सुधार आएको छैन । राजनीतक दलहरुले उनीहरुका स्वार्थको लागि प्रयोग गरेको अवस्था छ । दलका झण्डा मुनि रहेकाकारण मजदूर वर्ग एक जुट नभएको स्थिति छ । फलत ः अनेकौ ट्रेड युनियन गठन भएका छन् । मजदूरको हक र हितको लागि ः
- न्यूनतम वेतन र अन्य सुविधा निर्धारण गरिने छ ।
- व्यवस्थापन र श्रमिक एक अर्काका पूरक रहेको भावना र सोच विकसित गरिने छ ।
- औद्योगिक प्रतिष्ठानहरुमा निश्चित प्रतिशत शेयर मजदूरलाई दिलाएर स्वामित्व र अपनत्वको वातारण बनाइने छ ।
- एकल ट्रेड युनियन अवधारणालाई कार्यान्वयन गरिने छ ।

-२३) भ्रष्टाचार नियन्त्रण ः भ्रष्टाचार, अराजकता र दण्डहिनता ठूला दल र सरकारको पर्याय भएका छन् । राजनीतिक तहबाट भ्रष्टाचार नियन्त्रण, सदाचार र सुशासनको सार्वजनिक प्रतिवद्धता आएर व्यवहारमा चरितार्थ नभए सम्म सदाचार र सुशासन कायम हुन नसक्ने स्थिति छ । ठूला राजनीतिक दलका नेता लगायत मन्त्री परिषदका सदस्य र उच्च तहका सरकारी कर्मचारीले व्याप्त भ्रष्टाचार, चुहावट, विकृति र विसंगति रोक्ने सामूहिक प्रतिवद्धता गरेर भ्रष्टाचार शून्य सहनशिलताको नीति अवलंवन गर्नु पर्ने राप्रपाको दृष्टिकोण छ ।

-२४) शहरीकरण नीति ः मध्य पहाडी लोक मार्ग निर्माण कार्य हुादै गर्दा पहाडी तथा हिमाली क्षेत्रमा थुप्रै नयाा शहर बजारहरु विकसित हुादै गएका छन् । यस्तै राप्रपाद्वारा प्रस्तावित ६ वटा उत्तर-दक्षिण मार्ग -नाका) निर्माण हुादा पहाड र तराईमा अरु धेरै शहर बजारको प्रादुर्भाव हुनेछ । अहिले अस्तित्वमा आइसकेका र भविष्यमा प्रादुर्भाव हुने शहर बजारको व्यवस्थित एवं योजनावद्ध विकासका लागि दीर्घकालीन योजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

-२५) लागू पदार्थ नियन्त्रण ः लागू पदार्थ उत्पादन, ओसार-पसार व्यापार एवं सेवनमा पूर्ण प्रतिवन्ध लगाइने छ । लागू पदार्थ र दुव्र्यसन विरुद्ध पाठ्यक्रम तयार गरी विद्यार्थीलाई अध्ययन अध्यापन गराइने छ ।

-२६) कला-संस्कृति संरक्षण ः नेपाल कला र संस्कृतिको प्राचीन तथा ऐतिहासिक केन्द्र विन्दु हो । यहााको कला विश्व प्रसिद्ध र अनुपम छ । खास गरी काठमाडौं उपत्यका काष्ठकला, मूर्तिकला लगायत ललित कलाको निधि नै हो । तर अहिले नेपाल र नेपालीको यो विशिष्ट परिचय बनेको कला र संस्कृति उपयुक्त राष्ट्रिय नीतिको अभावमा क्षयोन्मुख अवस्थामा छ । ललित कला प्रवर्द्धन, संरक्षण र विकासको लागि पार्टीले विशेष राष्ट्रिय नीति तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्दछ ।

-२७) सार्वजनिक संस्थान ः अत्यावश्यक वस्तु तथा सेवा संग सम्बन्धित सार्वजनिक संस्थान, निगम, प्राधिकरणलाई राजनीतिकरणबाट उन्मुक्त तुल्याई संचालन गरिने छ ।

-२८) निष्कर्ष,
आकारमा ठूला भएको दावी गर्ने दलहरुको चरम सत्ता मोह, सिमा विहिन नाागो भ्रष्टाचार, कुशासन,

आत्मसमपर्णबाद र पराश्रति प्रबृति तथा व्यवहारले नेपाली राष्ट्रियतालाई इतिहासकै कमजोर बनाएको छ । नेपाली स्वाभिमान र आत्मसम्मानमा निरन्तर प्रहार भैरहेको छ । शान्ति प्रक्रियालाई समभावको आधारमा न्यायोचित रुपले द्वन्दमा प्रभावित सबै पक्षमा कार्यान्वयन नगरी अधकल्चो छाडिएकाले शान्ति सुरक्षाको स्थिति अझै दयनीय र कमजोर रहेको छ । धनी गरीव वीचको खाडल बढेको छ । राप्रपा यो स्थितिमा सुधार एवं सकारात्मक परिवर्तन ल्याएर नेपालको राष्ट्रियता र नेपालीको आत्मसम्मान तथा स्वाभिमानमा भैरहेको प्रहारको अन्त्य गर्न, दीगो शान्ति, राजनीतिक स्थायित्व, आर्थिक समृद्धि तथा सामाजिक न्यायको श्रृजना गर्न सक्षम छ , दक्ष छ, योग्य र प्रतिवद्ध छ । राप्रपा नेपाली विचार र माटोमा प्रादुर्भाव भएको राष्ट्रवादी-प्रजातान्त्रिक शक्ति भएकाले समावेशी प्रजातान्त्रिक राष्ट्रवादी चिन्तन र अवधारणालाई जीवन्त दर्शनको रुपमा व्यवहारमा उतार्ने प्रतिवद्धता र संकल्प बोकेर तपाई स्वाभिमानी, देशभक्त र राष्ट्रवादी जनता समक्ष प्रस्तुत भएको छ । तपाईको एकमत नेपाल र नेपालीको भाग्य तथा भविष्यलाई गति र दिशा निर्धारण गर्न निणर्ायक हुने हुादा आˆनो अन्तरात्माको आवाज सुनेर अमूल्य मतको प्रयोग गर्न हार्दिक अनुरोध गर्दछ ।
यसर्थ राष्ट्रिय प्रजातन्त्र पार्टी ः

- कमजोर बनेको राष्ट्रियता र एकताको स्थितिमा सुधार ल्याई सवल बनाउन,
- अन्तर्राष्ट्रिय क्षेत्रमा धमिलो बनेको नेपालको शाख र छविलाई चहकिलो तुल्याउन,
- संघीय लोकतान्त्रिक गणतन्त्रको आधार-नयाा संविधान निर्माण गर्न,
- संघीयतामा आधारित राज्यको पुनसंरचना गर्न,
- गिरेको राष्ट्रिय अर्थतन्त्रलाई उठाएर नेपाललाई विकसित मुलुकहरुको दाजोमा पुऱ्याउन,
- गरिवी र बेरोजगारी समाप्त गर्न,
- हिमाल, पहाड र तराई/मधेशलाई समान रुपमा राजनीतिक, आर्थिक, सामाजिक र साास्कृतिक रुपमा विकसित तुल्याउन,
- महिला, मधेशी/तराईवासी, आदिवासी जनजाति, दलित, मुसलमान, अल्पसंख्यक जाति र समुदायलाई राज्यका प्रत्येक निकायमा सहभागीता र प्रतिनिधित्व गराई राज्य संचालनमा निणर्ायक तुल्याउन,
- भ्रष्टाचार नियन्त्रण गरी सबै नेपालीलाई सुशासनको अनुभूति दिलाउन र राष्ट्रमा व्याप्त अराजकता, दण्डहिनता, अनुशासनहिनता र कमजोर शान्ति सुरक्षाको अन्त्य गरी राजनीतिक स्थायित्व, विधिको शासन सदाचार र शान्ति सुरक्षाको पुनर्वहाली गर्न,
- मुलुकको निजामति प्रशासन सेवालाई राजनीतिक निरपेक्ष तुल्याई स्थायी सरकार लाई सबै नेपालीको साझा, निष्पक्ष र स्वतन्त्र तुल्याउन,
- सम्पूर्ण नेपाली जनतालाई अधिकार सम्पन्न, समृद्ध सुखी तुल्याउन,
- पर्याप्त विद्युत उत्पादन गरी लोडसेडिङ्गको अन्त्य गर्न,
- शैक्षिक क्षेत्रमा व्याप्त अराजकता र अनिश्चितताको स्थितिको अन्त्य गरी शैक्षिक प्रतिष्ठानहरुलाई सरस्वतीका मन्दिरमा रुपान्तरण गर्न,
- यस पटक "हलो" चिन्हमा मतदान-शान्ति सुरक्षा, रोजगारी र संविधान,

**तपाई संप्रभु मतदाताको अमूल्य मत "हलो" चिन्हमा प्रदान गरी अत्याधिक मतबाट विजयी गराउन हार्दिक अनुरोध गर्दछ ।**